कात्तिक – १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन


| वर्ष २४, अङ्क १३ | २०७२, कात्तिक १–१५ | पूर्णाङ्क ५५९ |
|---|---|---|





प्रकाशक

**सर्वोच्च अदालत**

**रामशाहपथ, काठमाडौं**



**फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)**

**फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८**

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत | - सदस्य सचिव |

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण वि.क.
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उप.प्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ७ |
| इजलास नं. १ | ९ |
| इजलास नं. २ | ४ |
| इजलास नं. ३ | २० |
| इजलास नं. ४ | ९ |
| इजलास नं. ५ | ५ |
| इजलास नं. ६ | २ |
| इजलास नं. ७ | १ |
| इजलास नं. ९ | ९ |
| इजलास नं. १० | ३ |
| एकल इजलास | ४ |
| जम्मा | ७३ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

### एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, कात्तिक – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०– ०१– ३३३– ५५

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| संयुक्त इजलास | | | १-४ |
| १. | भ्रष्टाचार | नेपाल सरकार वि. भरतप्रसाद नेपाल | |
| २. | निषेधाज्ञा | माधवप्रसाद भण्डारी वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत | |
| ३. | निषेधाज्ञा | मीराकुमारी प्रधानसमेत वि. सीता जोशीसमेत | |
| ४. | निषेधाज्ञा | प्रदीप महतोसमेत वि. बासुदेव मण्डल | |
| ५. | उत्प्रेषण / परमादेश | प्रमोदकुमार गुरूङ वि. सार्वजनिक खरिद अनुगमनको कार्यालय, ताहाचलसमेत | |
| ६. | परमादेश | अधिवक्ता उद्धवप्रसाद चौलागाईं वि. सम्माननीय राष्ट्रपति श्री रामवरण यादव, राष्ट्रपति भवन, सितल निवाससमेत | |
| ७. | बन्दी प्रत्यक्षीकरण | गणेशबहादुर गौतम वि. सोमनाथ शर्मा ढकाल | |
| इजलास नं. १ | | | ४-८ |
| ८. | उत्प्रेषण / परमादेश | गहेन्द्र गिरी वि. क्षेत्रीय शिक्षा निर्देशनालय, सुर्खेतसमेत | |
| ९. | उत्प्रेषण | लक्ष्मण भट्ट वि. नेपाल सरकार | |
| १०. | परमादेश | निलामैया अधिकारी वि. पशुपति क्षेत्र विकास कोषसमेत | |
| ११. | उत्प्रेषण / परमादेश | कासेन्द्रप्रसाद यादवसमेत वि. नेपाल विद्युत् प्राधिकरण प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौंसमेत | |
| १२. | जग्गा दाखेल खारजे दर्ता | मालादेवी वि. राम किसुन राउत अहिर | |
| १३. | उत्प्रेषण / परमादेश | देवेन्द्र बुढाथोकी वि. जिल्ला विकास समिति, चन्द्रगढी, झापा समेत | |
| १४. | सम्बन्ध विच्छेद | सोमनाथ बराल वि. लिलादेवी बराल | |
| इजलास नं. २ | | | ९-१२ |
| १५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. डमरू साह सुडी | |
| १६. | उत्प्रेषण / परमादेश | सुधाकुमारी कर्ण वि. जिल्ला शिक्षा कार्यालय, बारा कलैयासमेत | |
| १७. | दूषित लिखत बदर | शिवकुमार संघई वि. न्हुच्छेलाल महर्जन | |
| इजलास नं. ३ | | | १२-२० |
| १८. | मोही नामसारी | अलिहुसैन मियाँ वि. महम्मद हमिद मियाँ | |
| १९. | भ्रष्टाचार | नेपाल सरकार वि. प्रेमप्रकाश शाही | |

| | | |
|---|---|---|
| २०. | जालसाजी | हरिराम कोहार वि. बिलाइती कोहाइन |
| २१. | कर्तव्य ज्यान | कमला योगी गोसाई वि. नेपाल सरकार |
| २२. | जबर्जस्ती चोरी | नेपाल सरकार वि. प्रविण दिप के.सी. |
| २३. | कर्तव्य ज्यान | बुद्धिबहादुर थापा वि. नेपाल सरकार |
| २४. | अदालतको अवहेलना | कमलप्रसाद इटनी वि. प्रधानमन्त्री डा.बाबुराम भट्टराईसमेत |
| २५. | अपहरण तथा शरीर बन्धक | प्रभात भन्ने दिनेश के.सी. वि. नेपाल सरकार |
| २६. | मूल्य अभिवृद्धि कर | खुमराज पंजाली वि. रामचन्द्र संघई |
| २७. | आगो लगाई ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. विष्णुबहादुर के.सी. |
| २८. | अंशबन्डा गरी जग्गा छुट्याई पाऊँ | मणिक नानी चित्रकार वि. पूर्णप्रसाद चित्रकार |
| २९. | उत्प्रेषण / परमादेश | गणेश राई वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंसमेत |
| ३०. | अपहरण तथा शरीर बन्धक | सरोजचन्द्र यादव वि. नेपाल सरकार |
| ३१. | अंश दर्ता | सूर्यनाथ यादव वि. रासलाल यादवसमेत |
| **इजलास नं. ४** | | **२०-२६** |
| ३२. | बन्दी प्रत्यक्षीकरण | भरत शर्मा भन्ने पुष्पलाल उप्रेती वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत |
| ३३. | उत्प्रेषण | सपना गुरूङ मैनालीसमेत वि. जिल्ला सरकारी वकिलको कार्यालय, भरतपुर, चितवनसमेत |
| ३४. | परमादेश | अधिवक्ता जीवनकुमार पोखरेलसमेत वि. वातावरण विज्ञान तथा प्रविधि मन्त्रालयसमेत |
| ३५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. हर्कबहादुर वि.क. |
| ३६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बहादुर रोकामगर |
| ३७. | कर्तव्य ज्यान | करनसिंह महरा वि. नेपाल सरकार |
| ३८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बुद्धिराम दराई |
| ३९. | उत्प्रेषण / परमादेश | जुमराती साफी वि. पवनकुमार मिश्रसमेत |

| | | |
|---|---|---|
| ४०. | मोही नामसारी प्रमाणपत्र | बिकाउ वैठा धोवी वि. बिजय प्रकाश नारायण सिंह |
| **इजलास नं. ५** | | **२६-२९** |
| ४१. | उत्प्रेषण / परमादेश | तुलसी दास चौधरी वि. शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरसमेत |
| ४२. | उत्प्रेषण | ज्ञानेन्द्रप्रसाद ढुङ्गाना वि. आन्तरिक राजश्व कार्यालय, ललितपुरसमेत |
| ४३. | बन्डा बदर अंश दर्ता | तेजनारायण सिंहसमेत वि. जगन्नाथप्रसाद सिंहको मु.स. गर्ने राजेशकुमार सिंह |
| ४४. | परमादेश | यशुदाकुमारी बराल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| **इजलास नं. ६** | | **२९-३०** |
| ४५. | अंश | ठगी रानासमेत वि. कृष्ण राना |
| ४६. | मानव बेचबिखत तथा ओसारपसार | नेपाल सरकार वि. अन्सार साई |
| **इजलास नं. ७** | | **३०-३१** |
| ५१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रञ्जितकुमार लोहार |

| | | |
|---|---|---|
| **इजलास नं.९** | | **३१-३९** |
| ५२. | बकसपत्र लिखत बदर दर्ता बदर | गणेश साह वि. गीतादेवी |
| ५३. | सार्वजनिक जग्गा खिचोला मिटाई चलन चलाई पाऊँ | अफसरून अन्सारीसमेत वि. सहिद हुसेन अन्सारी |
| ५४. | कर्तव्य ज्यान | बुद्धिमाया नेपाली वि. नेपाल सरकार |
| ५५. | कर्तव्य ज्यान | खुशीराम श्रेष्ठ वि. नेपाल सरकार |
| ५६. | कर्तव्य ज्यान | लक्ष्मी नेपाली वि. नेपाल सरकार |
| ५७. | लागु औषध खैरो हेरोइन | मिस्टर जिनामिया अंसारी वि. नेपाल सरकार |
| ५८. | अंश चलन | खड्गबहादुर थापा वि. अम्बरबहादुर थापा |
| ५९. | बिना इजाजत वन अतिक्रमण गरी वन पैदावार हटायो | नेपाल सरकार वि. करण सिंह साहुसमेत |
| ६०. | लिखत बदर दर्ता | लीलादेवी महतो वि. मोतीदत्त कायस्थ |

| | | | |
|---|---|---|---|
| **इजलास नं.१०** | | | **३९-४१** |
| ६१. | उत्प्रेषण | राधिका सापकोटासमेत वि. माननीय स्थानीय विकास मन्त्री, स्थानीय विकास मन्त्रालय, श्रीमहल,पुल्चोक, ललितपुरसमेत | |
| ६२. | उत्प्रेषण | नर्बदा भण्डारीसमेत वि. माननीय स्थानीय विकास मन्त्री, स्थानीय विकास मन्त्रालय, श्रीमहल, पुल्चोक, ललितपुरसमेत | |
| ६३. | उत्प्रेषण | कमला ओली वि. माननीय स्थानीय विकास मन्त्री, स्थानीय विकास मन्त्रालय, श्रीमहल, पुल्चोक, ललितपुरसमेत | |
| **एकल इजलास** | | | **४१-४४** |
| ६४. | उत्प्रेषण | उमाशंकर रौनियार वि. अशोक रौनियारसमेत | |
| ६७. | उत्प्रेषण / परमादेश | अगेन्द्रप्रसाद यादव वि. विदुर खड्कासमेत | |
| ६८. | उत्प्रेषण / परमादेश | धनीलाल यादव वि. पुनरावेदन अदालत, राजविराजसमेत | |
| ६९. | बन्दी प्रत्यक्षीकरण | अधिवक्ता अन्जु उप्रेती वि. मलेसिया स्थित नेपाली राजदूत डा.निरञ्जनमान सिंह बस्न्यातसमेत | |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-०७७८, ०६८-CR-००१७, भ्रष्टाचार, *नेपाल सरकार वि. भरतप्रसाद नेपाल भरतप्रसाद नेपाल वि. नेपाल सरकार*

विभिन्न प्रकरणहरूमा विवेचना गरिएबमोजिम प्रतिवादीले जाँच अवधिमा निम्न स्रोतबाट निम्नबमोजिमको आय आर्जन गरी जम्मा रू.१,४६,४९,७२५।७६ आय आर्जन गरेको देखिने।

| सि.न. | विवरण | रकम |
|---|---|---|
| १ | तलब भत्ता | रू.६,९०,५०६।६० |
| २ | सञ्चय कोष सापटी | रू. १,५३,२००।– |
| ३ | जग्गा बिक्री | रू. ९,५३,०००।– |
| ४ | घर भाडा | रू. १७,५७,२५०।– |
| ५ | छोरी सुस्मा नेपाल र सीमा नेपालको तलब भत्ता | रू. २,८६,३६६।६६ |
| ६ | हायर पर्चेज कर्जा | रू. १,००,०००।– |
| ७ | महालक्ष्मी फाइनान्स कर्जा | रू.८४,२४,७००।– |
| ८ | डोलनाथ उप्रेतीले पठाएको रकम | रू २२,८४,७०२।५० |
| जम्मा | | रू १,४६,४९,७२५।७६ |

विभिन्न प्रकरणहरूमा विवेचना गरिएअनुसार प्रतिवादीहरूले जाँच अवधिमा जम्मा रू. १,४६,४८,२३०।६३ मूल्य बराबरको चल अचल सम्पत्ति सङ्ग्रह गरेको पाइन्छ। ऐ. अवधिमा प्रतिवादीहरूबाट जम्मा रू. १,४६,४९,७२५।७६ वैध मौद्रिक आय आर्जन गरेको देखिन आएको छ। यसरी प्रतिवादीहरूको चलअचल सम्पत्तिको वैध स्रोत पूर्णतः पुष्टि हुन आयो। प्रतिवादी भरतप्रसाद नेपाल र प्रतिवादी अम्बिकादेवी नेपालले वैध आय स्रोतको अनुपातमा अमिल्दो र अस्वाभाविक सम्पत्ति आय आर्जन गरेको हो भन्ने वादी दाबी मिसिल संलग्न प्रमाणहरूको मूल्याङ्कनबाट पुष्टि हुन नआउने।

पुनरावेदक नेपाल सरकारले प्रतिवादीले गैरकानूनीरूपमा सम्पत्ति सङ्ग्रह गरेको हुँदा निज र निजका नामको सम्पत्ति जफतको माग गरेको तर्फ विचार गर्दा गैरकानूनी व्यवहार तबमात्र मान्न सकिन्छ जतिबेला त्यो प्रमाणहरूबाट गैरकानूनी हो भन्ने पुष्टि हुन सक्दछ। प्रतिवादीहरूका कतिपय सम्पत्तिलाई मिसिल संलग्न तथ्यबाट स्वयम् वादी पक्षले वैध भनी घोषणासमेत गरेको देखिने हुँदा आरोपपत्रमा दाबी लिएको सम्पत्तिको वैधानिक स्रोत बिगोभन्दा बढी रू.१,४९५।१३ देखिन आई स्वाभाविक भएको पुष्टि हुन आई वैध आयस्रोतको अनुपातमा प्रतिवादीहरूले अमिल्दो र अस्वाभाविक सम्पत्ति आर्जन गरेको नदेखिँदा पुनरावेदक प्रतिवादी भरतप्रसाल नेपालले दाबीको कसुर गरेको ठहर्‍याई भएको विशेष अदालत काठमाडौंको मिति २०६७।५।२ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादीहरूले सफाइ पाउने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७१ साल भदौ १८ गते रोज ४ शुभम्।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CI-०६४४, निषेधाज्ञा, *माधवप्रसाद भण्डारी वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

व्यक्तिको कानून प्रदत्त नागरिक अधिकारमा आघात पुग्ने वस्तुनिष्ठ आधार तथा प्रमाण बिना साधिकार निकायले शान्ति सुरक्षा कायम गरिपाउँ

भन्ने निवेदन सम्बन्धित पक्षलाई बुझ्न पत्राचारसम्म गरेको कार्यकै आधारमा नागरिक अधिकारमा आघात पुग्ने शङ्का तथा अनुमान गरी निषेधाज्ञाको आदेश जारी गर्न मिल्दैन । अधिकार प्राप्त निकायले कानूनसम्मतरूपमा आफ्नो अधिकार क्षेत्रको प्रयोग गर्न सक्ने हुँदा कानूनसम्मत अधिकार क्षेत्रको प्रयोग गर्न रोक लगाउने गरी निषेधाज्ञाको आदेश जारी हुन नसक्ने ।

निवेदकले लेनदेनको विषयमा आफूलाई गैरकानूनी तवरबाट पक्राउ गरी कागजसमेत गराउने आशङ्का व्यक्त गरे तापनि विपक्षीतर्फको लिखित जवाफबाट लेनदेनसम्बन्धी विवादको निवेदन दर्ता नभई शान्ति सुरक्षा कायम गरिपाउँ भन्ने निवेदन दर्ता भएको, निवेदकलाई पक्राउ नगरिएको, निवेदकलाई कागज गर्ने गराउने कार्य नगरे नगराएको भनी उल्लेख भइरहेको अवस्थामा युक्तियुक्त तथ्य तथा प्रमाणविना निवेदकले गरेको शङ्काकै भरमा निषेधाज्ञाको आदेश जारी हुने अवस्था रहेन । तसर्थ, निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी नभई निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।२।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटर: विकेश गुरागाईं
इति संवत् २०७१ साल माघ ११ गते रोज शुभम् ।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CI-०८१३, निषेधाज्ञा, *मीराकुमारी प्रधानसमेत वि. सीता जोशीसमेत*

आर्थिक कारोबारको हिसाब सम्बन्धमा विवादका दुवै पक्षले मेलमिलापको लागि सामुदायिक मध्यस्थ तथा मेलमिलापको छलफलमा सहभागी हुने तथा विवादका दुवै पक्षको सहमतिमा मध्यस्थकर्ता तथा मेलमिलापकर्ताको हैसियतले छलफल गराउने कार्य आफैँमा गैरकानूनी हुन सक्दैन । प्रस्तुत विवादमा निवेदक पक्ष स्वयम् आफूले गरेको कारोवारका सम्बन्धमा तेस्रो पक्षको मध्यस्थता स्वीकार गरी छलफलमा सहभागी भएको सोबाहेक सामुदायिक सेवा समितिबाट अन्य कुनै गैरकानूनी कार्य भए गरेको नदेखिने ।

व्यक्तिको कानून प्रदत्त अधिकारमा आघात पुग्ने वस्तुनिष्ठ आधार तथा प्रमाणविना नागरिक अधिकारमा आघात पुग्ने शङ्का तथा अनुमान गरी निषेधाज्ञाको आदेश जारी गर्न मिल्दैन । निवेदकहरूलाई पक्राउ नगरिएको, इच्छाविपरीत कागज गर्ने गराउने कार्य नगरे नगराएको र उल्लिखित गैरकानूनी कार्य हुने आशङ्काको विद्यमानतासमेत नरहेको अवस्थामा युक्तियुक्त तथ्य तथा प्रमाणविना निवेदकले गरेको शङ्काकै भरमा निषेधाज्ञाको आदेश जारी हुने अवस्था नरहँदा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी नभई निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।७।२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक निवेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटर: विकेश गुरागाईं
इति संवत् २०७१ साल माघ २५ गते रोज १ शुभम् ।

४

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CI-०४९६, निषेधाज्ञा, *प्रदीप महतोसमेत वि. बासुदेव मण्डल*

निवेदनमा उल्लिखित कि.नं. १२ को जग्गाको मोहीको विषयमा जग्गाधनी र मोहीका बीचमा मोही नामसारी मुद्दा चली बासुदेव मण्डलका नाममा मोही कायम भै निजका नाममा मोही नामसारीसमेत हुने

ठहर भइरहेको अवस्थामा मोही कायम भएका विपक्षीले नै हस्तक्षेप गर्ने आशङ्का रहेको भन्ने निवेदन दाबी कानूनसङ्गत मान्न नमिल्ने ।

निवेदकको निर्विवाद हकको विषयमा गैरकानूनीरूपमा हनन् हुन सक्ने प्रवल आशङ्काको विद्यमानता देखिने र तत्काल त्यस्तो सम्भावित गैरकानूनी कार्य हुनबाट नरोकेमा निवेदकलाई अपुरणीय क्षति हुने अवस्था भएमा मात्र निषेधाज्ञाको आदेश जारी हुने हुन्छ । निषेधाज्ञाको आदेश जारीको सबैभन्दा महत्त्वपूर्ण पूर्वसर्त दाबी गरिएको विषयमा निवेदकको निर्विवाद हकको विद्यमानता हुनु हो । प्रस्तुत विवादमा दाबीको कि.नं. १२ को जग्गामा यी पुनरावेदक निवेदकहरू मोही एवम् जग्गाधनी नभएको तथ्य स्वयम् निवेदन लेखबाट नै स्थापित भएको छ । निवेदकहरूले उक्त जग्गा ठेक्कामा कमाएको भन्नेसम्म दाबी गरेको तर ठेक्कामा कमाएको सम्बन्धी कुनै प्रमाणसमेत पेस गर्न सकेको नदेखिँदा उक्त जग्गामा निवेदकहरूको निर्विवाद हकको विद्यमानता देखिन नआउने ।

जग्गा कमाउन आफ्नो हक नै नभएका निवेदकले आधिकारिक निकायको फैसलाबाट विवादित जग्गाको मोही बासुदेव मण्डल भएको तथ्यलाई लुकाइ जग्गा कमाउने कानूनी हक भएका विपक्षी मोही बासुदेव मण्डलबाट नै जग्गा जोत भोग गर्न गैरकानूनीरूपमा हनन् हुनसक्ने आशङ्का दर्साइ दायर गरेको निवेदन प्रथम दृष्टिमा नै खारेजयोग्य देखिइ प्रस्तुत निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।११।१५ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक निवेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: शिवप्रसाद खनाल

इति संवत् २०७१ साल माघ २५ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-WO-०८१२, उत्प्रेषण / परमादेश, *नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सर्वसाधारण सेयरहोल्डरको तर्फबाट प्रमोदकुमार गुरूङ वि. सार्वजनिक खरिद अनुगमनको कार्यालय, ताहाचलसमेत*

सेवा वस्तु खरिद प्रक्रिया कानूनबमोजिम गर्नु भनी विपक्षी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट दिएको निर्देशन एवम् सबै सार्वजनिक निकायका हकमा लागू हुने छाता कानून सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ ले व्यवस्था गरेको कानूनी प्रावधानअनुकूल हुने गरी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड सञ्चालक समितिले आफ्नो आर्थिक विनियमावली, २०६१ मा संशोधनका लागि संशोधन प्रस्ताव पेस गर्नु भनी व्यवस्थापनलाई गरेको निर्देशनबाट यी निवेदक वा अन्य कसैको हकमा प्रतिकूल असर परेको भन्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: दीपक ढकाल

इति संवत् २०७१ साल फागुन २७ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-०५२३, परमादेश, *अधिवक्ता उद्धवप्रसाद चौलागाई वि. सम्माननीय राष्ट्रपति श्री रामवरण यादव, राष्ट्रपति भवन, शीतल निवाससमेत*

मन्त्रिपरिषद्‌बाट राष्ट्रपतिसमक्ष पेस भएका अध्यादेशहरू नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८(१) बमोजिम राष्ट्रपतिबाट विभिन्न मितिमा प्रमाणीकरण भई जारी भइसकेको अवस्था छ । राष्ट्रपतिसमक्ष पेस भएका अध्यादेशहरू यति

नै समयभित्र जारी हुनुपर्ने भन्ने कुनै संवैधानिक समयसीमा तोकिएको छैन। संविधानको धारा ८८(१) मा राष्ट्रपति सन्तुष्ट भएमा यस संविधानको प्रतिकूल नहुने गरी अध्यादेश जारी गर्न सक्नेछ भन्ने व्यवस्था भएबाट पेस भएको अध्यादेश संविधानविपरीत छ, छैन र निज सन्तुष्ट हुने गरी अध्यादेशको व्यवस्था छ, छैन भन्ने कुरा राष्ट्रपतिले विवेक प्रयोग गर्नुपर्ने देखिएको तथा राष्ट्रपतिको कार्यालयबाट सो सम्बन्धमा अध्ययन भइरहेको भन्ने जवाफ आएको छ भने मनासिब समयभित्र अध्यादेश जारी हुने कुरामा निवेदक तत्काल अवस्थामा किन विश्वस्त हुन नसकेको हो सो कुरा निवेदनमा उल्लेख छैन। साथै पेस भएका अध्यादेशहरू विभिन्न मितिमा जारी भइसकेको र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन) २०७० र बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ ऐन बनिसकेको तथा जारी भएका अन्य अध्यादेशहरूसमेत ऐन बनी लागू भइसकेको हुँदा निवेदकले जारी हुनुपर्ने भनी माग गरेको अध्यादेशहरूमध्ये कतिपय अध्यादेशहरू ऐनका रूपमा आइसकेको र जारी हुन बाँकी रहेका अध्यादेशहरूको हकमा रिट दायर गर्दाको अवस्था नरही हाल व्यवस्थापिका संसद् गठन भइसकेको हुँदा त्यस्ता विषयमा ऐन बनाई लागू गर्न आवश्यक देखिएमा विधेयक व्यवस्थापिका संसद्समक्ष पेस हुन सक्ने नै हुँदा मागबमोजिम आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दीपक ढकाल

इति संवत् २०७१ साल फागुन २७ गते रोज ४ शुभम्।

७

**स.का.मु.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-WH-००५४, बन्दीप्रत्यक्षीकरण, *गणेशबहादुर गौतम वि. सोमनाथ शर्मा ढकाल*

नाबालक गौरव गौतमकी आमा कुसुमले गौरव गौतमसमेतका हकमा संरक्षक भई यी निवेदकउपर अंश तथा माना चामलसमेतका मुद्दा दिई सो मुद्दामा हुने अदालती कारवाहीमा प्रतिनिधित्व गर्न एवम् नाबालकको संरक्षण गर्न पिता नाताका यी विपक्षी सोमनाथ शर्मा ढकाललाई अधिकृत वारेसनामासमेत दिएको अवस्थामा नाबालकको प्रामाणिक संरक्षकत्वलाई असर पर्ने गरी एवम् नाबालकको सर्वोत्तम हितको उपेक्षा गरी अंशसमेत मुद्दामा प्रतिवादी बनेका बाबुको साथमा रहने गरी नाबालकलाई स्थानान्तरण गर्न नमिल्ने।

नाबालक गौरव गौतमलाई निवेदकको दाबीअनुसार गैरकानूनी कब्जा वा थुनामा राखेको नभई नाबालकको आमा कुसुमको संरक्षकत्वअन्तर्गत विपक्षी सोमनाथ शर्मा ढकालले नाबालकको हितअनुकूल पारिवारिक लालनपालन तथा हेरविचार गरिरहेको देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नपर्ने।

इजलास अधिकृत: शिवप्रसाद खनाल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल चैत २ गते रोज २ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६६-WO-०३३५, उत्प्रेषण / परमादेश, *गहेन्द्र गिरी वि. क्षेत्रीय शिक्षा निर्देशनालय, सुर्खेतसमेत*

रिट निवेदकलाई विद्यालयमा अनुपस्थित रही पठनपाठन नगराएका कारण सम्बन्धित विद्यालयको सिफारिससमेतका आधारबाट जिल्ला शिक्षा कार्यालय

दाङका जिल्ला शिक्षा अधिकारीबाट शिक्षा ऐन, २०२८ को दफा १६ङ. (५) (ख) र (ग) का कसुरमा कारवाही गर्न स्पष्टीकरण सोधी निजलाई सोही दफाबमोजिम सेवाबाट अवकाश दिने गरी २०६६।५।२३ देखि लागू हुने निर्णय गरी सोको समर्थनका लागि क्षेत्रीय शिक्षा निर्देशकसमक्ष पठाएको भन्ने व्यहोरासमेत उल्लेख गरेको पाइएकाले सर्वप्रथम सो सम्बन्धमा भएका कानूनी व्यवस्थाको अवलोकन गर्नु वाञ्छनीय हुने।

शिक्षा ऐन, २०२८ एवम् शिक्षा नियमावली, २०५९ मा सामुदायिक विद्यालयमा कार्यरत् रहेका त्यस्ता शिक्षकको कसुर सम्बन्धमा र सजाय गर्ने अधिकारी स्पष्टरूपमा तोकिई रहेकामा त्यस्तो कानूनी अधिकार क्षेत्रभन्दा बाहिर गई जिल्ला शिक्षा अधिकारीबाट सेवाबाट अवकाश दिनेगरी भएको कार्यलाई कानूनसम्मत मान्न सकिने अवस्था नरहने। कानूनी शासनमा राज्यका हरेक निकायमा कार्यरत् रहेका पदाधिकारीहरूले आफूलाई तोकिएको जिम्मेवारी कानूनबमोजिम निर्वाह गर्नुपर्ने हुन्छ । सार्वजनिक सेवामा रहेका कुनैपनि पदाधिकारीले आफ्नो अधिकारको प्रयोग गर्दा आफूलाई कुन कानूनले अधिकारक्षेत्र प्रदान गरेको छ, सोही कानूनको आधारमा आफ्नो अधिकारक्षेत्रको प्रयोग गर्नुपर्ने हुन्छ। यो नै कानूनी शासनको मूल मर्म रहेको र सोको सबैले सहीरूपमा प्रयोग र पालना गर्नुपर्ने हुन्छ । तबमात्र कानूनी शासनको सिद्धान्तले मूर्तरूप लिन पुग्ने।

प्रस्तुत रिट निवेदनमा उठाइएको विवादको सम्बन्धमा शिक्षा ऐन, २०२८ एवम् शिक्षा नियमावली, २०५९ मा उल्लिखित प्रावधानबमोजिम यी रिट निवेदकलाई लागेको कसुरका सम्बन्धमा सेवाबाट अवकाश दिने अधिकारक्षेत्र सम्बन्धित क्षेत्रीय निर्देशनालयको निर्देशकलाई रहेको देखिएकामा सम्बन्धित जिल्ला शिक्षा अधिकारीबाट निज रिट निवेदकलाई प्राथमिक शिक्षक पदबाट अवकास दिई सो समर्थनका लागि क्षेत्रीय निर्देशकसमक्ष पेस गरेको भनिएको कार्य अधिकारक्षेत्र विहीन देखिएकाले जिल्ला शिक्षा अधिकारीबाट रिट निवेदकलाई सेवाबाट अवकाश दिने गरी भएको मिति २०६६।५।२३ को निर्णय एवम् सोको आधारमा भएका अन्य पत्राचारसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब रिट निवेदकलाई सरूवा भएको युगबोध प्रा.वि.बाट मिति २०६४।२।२५ को मितिदेखि निजले पाउनुपर्ने तलब भत्तालगायत निजले पाउनुपर्ने सबै सुविधा विपक्षीबाट दिलाई निज रिट निवेदकलाई सेवामा नियमानुसार हाजिर गराई कामकाजसमेत गर्न दिनु लगाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल असार १४ गते रोज २ शुभम्।

२

**मा. न्या. श्री कल्याण श्रेष्ठ, मा. न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६६-WO-००२१, उत्प्रेषण, *लक्ष्मण भट्ट वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

अदालती निर्णय उल्टी हुँदैमा कानूनबमोजिम गरिएको विभागीय सजाय स्वतः बदर हुन्छ भन्ने होइन। विभागीय सजाय छुट्टै भएकाले सो सजायमा नै चुनौती दिई उपचार खोज्न सक्नु पर्दछ। निवेदकले विभागीय कारवाहीका उपर पुनरावेदनको अवसर नै गुमाई बसेको देखिन्छ । फलतः उक्त विभागीय सजाय अन्तिम भएको देखिन्छ । अदालती सजाय नभएको अवस्थामा अर्थात् मुद्दा नै नचलेको अवस्थामा पनि विभागीय कारवाही हुन नसक्ने होइन। विभागीय कारवाहीलाई अदालती सजायसँग हरहालतमा सम्बद्ध गरी हेरिनु पर्दछ भन्नु उचित

हुँदैन । विभागीय सजाय र अदालती सजायको कारवाही प्रक्रिया एवम् प्रकृति नै भिन्नभिन्न हुन आउने।

आफूउपर गरिएको विभागीय सजायउपर कानूनबमोजिम पुनरावेदन गर्न पाउने कानूनी उपचारको प्रक्रियातर्फ उन्मुख नभएको र अदालती निर्णयपश्चात् कसुरमा सफाइ पाएको आधारमा कानूनबमोजिम अन्तिम भई बसेको विभागीय सजायको निर्णयलाई चुनौती दिने अधिकार रिट निवेदकको भएको नदेखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्ने अवस्था रहेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: अनिलकुमार शर्मा

इति संवत् २०७१ साल चैत १५ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६६-WO-०८४५, परमादेश, *निलामैया अधिकारी वि. पशुपति क्षेत्र विकास कोषसमेत*

निवेदकले मुख्यतः निजको दाबीको जग्गामा जबर्जस्ती बाटो विपक्षीबाट खोलेकाले मुआब्जा दिलाइपाउन निवेदन दिएकामा निजकै रिट निवेदन ब्यहोरामा विपक्षीहरूबाट मुआब्जा दिने प्रक्रिया चालु रहेको भन्ने देखिएको छ । बाग्मती सभ्यता एकीकृत विकास समितिले निवेदकले भनेको जग्गा नलिएको भनी लिखित जवाफ पेस गरेको देखिन्छ । यसरी विपक्षीले दाबीबमोजिम कुनै कार्य नगरेको भनी दाबी पूर्णरूपमा इन्कार गरेको अवस्थामा निवेदक उपस्थित भई आफ्नो दाबी पुष्टि गर्न सकेको पनि पाइएन। यस्तो विवादास्पद अवस्थामा मागबमोजिम आदेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: अनिलकुमार शर्मा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत १५ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६६-WO-०६९५, उत्प्रेषण / परमादेश, *कासेन्द्रप्रसाद यादवसमेत वि. नेपाल विद्युत् प्राधिकरण प्रधान कार्यालय, दरबारमार्ग काठमाडौंसमेत*

२०६६ सालमा विज्ञापन गरिएका पदहरूको प्रतिशत निर्धारण भई बढुवा प्रक्रिया पूरा भइसकेको समेत देखियो । यसरी आ.व. २०६६/०६७ मा विज्ञापन गरिएअनुसार पदपूर्ति भइसकेको अवस्थामा सोही पदमा पुनः पदपूर्ति गर्ने अवस्था रहँदैन। यस्तो स्थितिमा रिट जारी गर्नु निरर्थक देखिएकाले रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल चैत १५ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६–CI–०३४७, जग्गा दाखेल खारेज दर्ता, *मालादेवी वि. रामकिसुन राउत अहिर*

कालिनन्दन कण्ठ कायस्तले रामकिसुन मालादेवी वि. रामकिसुन राउत अहिर राउत अहिरबाट मिति २०२९।१।१९ मा ज.वि. ३–२–१० राजिनामा गरी लिएकामा दा.खा. गरी नदिएको हक कायम गरी गुपचुप बसेकाले साबिक कि.नं. १३ बदर भई हाल कायम कि.नं. ३५ को ज.वि. २–१०–० म रामकिसुनको नाममा दा.खा. दर्ता गरिपाउँ भनी मिति २०६३।७।३ मा मालपोत कार्यालयमा निवेदन दिएको भन्ने पुनरावेदन अदालतमा पेस गरेको रामकिसुन राउतको पुनरावेदन जिकिर देखिए तापनि प्रस्तुत विवाद सोभन्दा पहिला नै अदालतमा प्रवेश गरी फैसला भै सकेको देखिने।

विवेचित आधार र कारणबाट अदालतमा

मुद्दा परी फैसला भै लिलाम सकार गरी कार्यान्वयन गर्ने सिलसिलामा सोबमोजिम नै कार्य गर्नु पर्ने हुन्छ। कुनै विषयमा हकको विवाद हुन्छ भने जुन पहिला अदालतमा प्रवेश गर्छ र फैसला हुन्छ त्यसैलाई पहिलो विवाद मान्नु पर्ने हुन्छ । २०२९ सालको घरसारको लिखत अदालतबाट परीक्षण भएको कुरा होइन । कानूनबमोजिम दाखेल खारेज नगरेको अवस्थामा अदालतमा प्रवेश नगरेकाले भन्दा प्रवेश गरी निर्णय भएकोलाई प्राथमिकता दिनु पर्ने हुन्छ । अदालती फैसलालाई प्रभावित तुल्याउने हिसाबले घरसारको दाखेल खारेज नभएको लिखतलाई बाधकको रूपमा प्रवेश गर्न दिन मिल्दैन, यसबाट बेप्रमाणित कुरालाई बढावा दिएको हुन जान्छ। कानूनबमोजिम नै भएको फैसलाको कार्यान्वयन रोक्न नमिल्ने हुनाले समेत पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।४।११ को फैसलालाई कायम राख्न नमिल्ने भएबाट सुरू मालपोत कार्यालय, बाराको मिति २०६४।३।३१ को निर्णय सदर हुने र पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।४।११ को निर्णय उल्टी हुने।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल भदौ २९ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-WO-०५९३, उत्प्रेषण / परमादेश, *सगरमाथा इन्टरप्राइजेजको तर्फबाट देवेन्द्र बुढाथोकी वि. जिल्ला विकास समिति, चन्द्रगढी, झापासमेत*

स्थानीय स्वायत्त शासन (दोस्रो संशोधन) नियमावली, २०५६ को नियम २०७ (१)(च) ले जिल्लाभित्र व्यावसायिक प्रयोजनको उद्देश्यले उत्पादन भएका कृषिजन्य वस्तुसमेतको व्यापारको हकमा नियम १९३ क बमोजिमको परामर्श समितिसमेतको सल्लाहमा प्रचलित बजार मूल्यको एक प्रतिशतमा नबढ्ने गरी जिल्ला परिषद्ले निर्धारण गरेको दर र कार्यविधिबमोजिम कर उठाउन सकिने व्यवस्था भई सोहीबमोजिम जिल्ला विकास समिति झापाले यी निवेदकको कृषिजन्य वस्तु सुपारीमा कर लिएको भन्ने प्रस्तुत विवादको विषयको ठेक्का अवधि व्यतित भएको, जिल्ला विकास समितिले आयातित विषयमा कर लगाउन आदेश दिएको नदेखिएको र स्थानीयतासम्बन्धी तथ्यको प्रश्नसमेत समावेश भएको देखिएकाले तथ्यमा प्रवेश गर्न नमिल्ने हुँदा विपक्षीको कार्य कानूनविपरीत भन्न मिलेन । विपक्षीहरूको कार्यबाट निवेदकको कुनै अधिकारमा आघात पुगेको पुष्टि हुन नसकेबाट निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : टीकाभूषण घिमिरे

कम्प्युटर : सन्तोष अवाल

इति संवत् २०७१ साल भदौ ३0 गते रोज २ शुभम्।

- यसै लगाउको ०६६-WO-०५९२, उत्प्रेषण / परमादेश, *शिव बजरंग भण्डाकरको तर्फबाट प्रदिप मित्तल वि. जिल्ला विकास समिति, झापा, चन्द्रगढीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-CR-०५७७, सम्बन्ध विच्छेद, *सोमनाथ बराल वि. लिलादेवी बराल*

पुनरावेदक वादी तथा प्रत्यर्थी लिलादेवी बरालको सहबासबाट २ जना बच्चाको जन्म भएको देखिन्छ । ती बालबच्चाहरूको जन्म भएपश्चात् यी पुनरावेदक वादीले मिठुदेवी बरालसँग दोस्रो विवाह गरेको कुरालाई अन्यथा भन्न सकेको नदेखिएको र यी पुनरावेदकले विपक्षी प्रत्यर्थीउपर सम्बन्ध विच्छेदका

लागि निवेदन दिएको मिसिल संलग्न तथ्यबाट देखिएको छ । वादी स्वयम्ले दोस्रो विवाह गरेको अवस्थामा विपक्षी प्रतिवादी घरमा बस्न नसक्ने अवस्थामा रहेको विपक्षीको जिकिर छ । यी पुनरावेदक वादीले दोस्रो विवाह गरे पनि प्रत्यर्थी प्रतिवादीले वादीकै पति धर्ममा बसिरहेको तर आफ्नो उपेक्षा पुनरावेदक वादी तथा निजको परिवारबाट भएको भन्ने जिकिरसमेत प्रत्यर्थीको छ । विपक्षी प्रत्यर्थीले पतिपत्नीको सम्बन्ध टुटाउन नचाहेको र वादीलाई विपक्षीसँगको सम्बन्ध आवश्यक नरहेको अवस्था देखिन्छ । वादीले दोस्रो विवाह गरेपश्चात्को सम्बन्धमा आएको चाप, प्रभाव र विभिन्न झन्झटहरू रहेको भन्ने देखिन्छ । तथापि वादीको दोस्रो विवाहको मुख्य कारणबाट उत्पन्न परिस्थितिको लागि पत्नीको इच्छाविरूद्ध सम्बन्ध विच्छेद गर्न कर लगाउन मिल्ने देखिन नआउने ।

पुनरावेदक वादीले प्रत्यर्थी प्रतिवादी विगत २०५२ सालदेखि हालसम्म विपक्षी मेरो आफ्नो संसर्गमा नआई आफूखुसी काम व्यवहार गरी हिँड्ने, इष्टमित्र, छिमेकी कसैको वास्ता मर्यादा नगर्ने गरेबाट मेरो सामाजिक प्रतिष्ठामा नै आँच, पुग्ने स्थिति आईपरेकाले विपक्षीसँग कायम रहेको लोग्ने स्वास्नीको सम्बन्ध मुलुकी ऐन लोग्ने स्वास्नीको १(१) नं. बमोजिम सम्बन्ध विच्छेद गराई पाउँ भनी आर्वाविजय गा.वि.स. को कार्यालयमा निवेदन दिएको देखिन्छ । मिसिल संलग्न तथ्यहरू तथा वादीले पेस गरेका प्रमाणहरू समेतका आधारमा निजले सम्बन्ध विच्छेद गर्न लिएका आधारहरू मेल खाँदैनन् । लोग्नेले स्वास्नीसँग र स्वानीले लोग्नेसँग कायम रही रहेको सम्बन्ध विच्छेद यथावत् राख्न श्रेयस्कर नदेखेमा मात्र लोग्नेले स्वास्नीसँग र स्वास्नीले लोग्नेसँग सम्बन्ध विच्छेद गर्न पाउने कानूनी व्यवस्थाले लोग्ने र स्वास्नीबीचको सम्बन्ध विच्छेदका लागि खास आधारहरू किटान गरेको छ । लोग्ने र स्वास्नीको सम्बन्ध यथावत् रहन नसकी विच्छेद हुने अवस्था आइपरेमा प्रचलित कानूनको परिधिभित्र रही लोग्ने वा स्वास्नी जोकोहीले पनि आफ्नो विच्छेदका लागि कानूनी उपचार प्राप्त गर्न पाउने हुन आउने ।

पुनरावेदक वादीले विपक्षी प्रतिवादी आफ्नो संसर्गमा नआई आफूखुसी हिँड्ने तथा सो कार्यले आफ्नो सामाजिक प्रतिष्ठामा आँच पुगेको भन्नेसमेतको आधार लिई सम्बन्ध विच्छेदका लागि निवेदनपत्र दायर गरे पनि पत्नीले पतिविरूद्ध लोग्ने स्वास्नीको महलको १ नं. विपरीतको कुनै कार्य गरेको भन्ने पनि पुष्टि भएको देखिन आउँदैन । पतिको त्रुटिको परिणाम पत्नीले व्यहोर्ने गरी सम्बन्ध विच्छेद हुनुपर्छ भन्न मिल्ने देखिँदैन । पक्ष विपक्षबीचको मुद्दालाई सम्बन्ध विच्छेदको आधार बनाउन पनि नमिल्ने ।

माथि विवेचित आधार कारणसमेतबाट सम्बन्ध विच्छेदको दाबी पुग्न नसक्ने ठहरी भएको सुरू कास्की जिल्ला अदालतको फैसला र सोही फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पोखराबाट मिति २०६६।७।८ मा भएको फैसला कानूनसम्मत नै देखिँदा उक्त इन्साफ सदर हुन्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: दीक्षा प्रधानाङ्ग

कम्प्युटर अपरेटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल माघ २५ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६६-CI-०८०१, माना चामल, सोमनाथ बराल वि. लिलादेवी बराल भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-RC-०००८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. डमरू साह सुडी*

मिति २०४५।९।७ गते साँझको समयमा प्रतिवादी डमरू साह सुडी र रामचन साह सुडीले भगवानलाल साहको टाउकामा जुवाले प्रहार गरी कर्तव्य गरी मारेकाले कारवाही गरिपाउँ भनी मृतककी श्रीमती सुशीलादेवी साहले दिएको किटानी जाहेरी मृतकको नाकबाट रगत बगी सिरानी भिजेको, टाउकोको दाहिनेपट्टि पुर्पुरोमा र बाँयापट्टि कञ्चटको भागमा हड्डीको माथि छाला फुटेको र मासु उठेको जस्तो देखिएको, घरदेखि २०० फिट उत्तरमा मृतक भगवानलाल साहलाई कुटपिट गरिएको भनिएको स्थानमा बाँसको ५ फिट ५ इन्च लामो १० इन्च मोटो जुवा फेला परेको भन्ने लास जाँच एवम् घटनास्थल प्रकृति मुचुल्का, टाउकोको भित्री भागमा चोट लागी बढी रक्तश्राव भई मृत्यु भएको (Death is caused by intracranial hemorrhage which may be due to minor trauma over scalp) भन्ने शव परीक्षण प्रतिवेदनसमेतबाट मृतक भगवानलाल साह सुडीको मृत्यु स्वाभाविक नभै कर्तव्यबाटै भएको देखिन आउने।

आरोपित कसुर यी प्रतिवादीले नगरेको भए आफ्ना साक्षी प्रमाण गुजारी आफ्नो निर्दोषिता प्रकट गर्नु पर्नेमा सोबमोजिम नगरी घटना घटाई सकेपश्चात् निज प्रतिवादी फरार रहेको देखिन्छ। त्यसकारण यिनै प्रतिवादीले हलोमा प्रयोग हुने जुवाले मृतकको टाउकामा प्रहार गरेको चोट पीडाको कारण मृतकको मृत्यु भएको देखिन आयो। त्यसकारण निज प्रतिवादीलाई कर्तव्य ज्यानसम्बन्धी कसुर अपराधमा सजाय हुने नै देखिने। मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. मा लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी हानी रोपी घोची ज्यान मरेमा जन्म कैद गर्नुपर्छ भन्ने उल्लेख भएको पाइन्छ। प्रस्तुत मुद्दामा यी प्रतिवादी डमरू साह सुडीले मृतक भगवानलाल साह सुडीको टाउकामा हलोमा प्रयोग हुने जुवाले प्रहार गरेका र सोही चोट पीडाको कारण मृतकको मृत्यु भएको देखिँदा उक्त कानूनी व्यवस्थाबमोजिम प्रतिवादी डमरू साह सुडीलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने नै देखियो। त्यसकारण प्रतिवादी डमरू साह सुडीलाई अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला अन्यथा हुने अवस्थाको नदेखिने हुँदा प्रतिवादी डमरू साह सुडीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू सुनसरी जिल्ला अदालतको मिति २०६६।३।१६ को फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।५।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: फणिन्द्र पराजुली

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल चैत २७ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६७-WO-०८५३, उत्प्रेषण / परमादेश, *सुधाकुमारी कर्ण वि. जिल्ला शिक्षा कार्यालय, बारा कलैयासमेत*

महिला वर्गको संरक्षण, विकास र सशक्तिकरणको लागि सकारात्मक विभेदको अवधारणाअन्तर्गत आएको देखिन्छ । नेपालको

अन्तरिम संविधान, २०६३ को धारा १३ को समानताको हकअन्तर्गत भेदभावपूर्ण व्यवहार गर्न मिल्दैन । भेदभावपूर्ण व्यवहार गर्नु समानताको हकविपरीत मानिन्छ । तर उल्लिखित प्रतिबन्धात्मक वाक्यांशअन्तर्गत पिछडिएका वर्गको उत्थानको लागि भेदभावपूर्ण व्यवहार नगर्दा असमानता गरेको मानिन्छ । त्यस किसिमले भेदभावपूर्ण व्यवहार नभएमा महिला वर्गको संरक्षण, सशक्तिकरण वा विकास नहुने र भएमा सो हुने हुँदा महिला वर्गको संरक्षण, सशक्तिकरण वा विकास गर्नको लागि नियम ९१ ले महिलाको लागि उक्त पद सुरक्षित गरेको त्यसमा महिलाबाहेकका अरूले पनि सहभागी र प्रतिस्पर्धा गर्न पाउने हो भने उक्तनियम सिर्फ देखावटी (Colourable) हुने देखिन्छ । जिल्ला शिक्षा कार्यालयको पत्रअनुसार महिला उम्मेदवारले मात्र दरखास्त दिन मिल्ने गरी विज्ञापन प्रकाशित हुनुपर्ने भन्ने निवेदन जिकिरतर्फ विपक्षी जिल्ला शिक्षा कार्यालय बिलकुल मौन छ । यस्तो मौनतालाई कपटपूर्ण मौनताको संज्ञा दिइने ।

रिट निवेदनमा विपक्षी विद्यालय र जिल्ला शिक्षा कार्यालयले उक्त नियमको व्यवस्थालाई कुनै वास्ता नगरेको देखिए पनि निवेदिकाको मागबमोजिमको आदेशको लागि त्यतिकुरा मात्रै पर्याप्त छैन । पहिलो कुरा उक्त नियम ९१ को उपनियम (४) मा उपनियम (२) विपरीत कसैले शिक्षक नियुक्ति गरेमा जिल्ला शिक्षा अधिकारीले त्यस्तो नियुक्ति बदर गरी त्यसरी नियुक्त गर्ने निकाय वा अधिकारीलाई यस नियमावलीबमोजिम कारवाही गर्न सक्नेछ भनी उल्लेख भएबमोजिम निवेदिकाले महिलामा सीमित पदमा सबैले सहभागी हुन पाउने गरी प्रकाशन गरेको विज्ञापन कानूनअनुरूप भएन भन्ने कुरा उठाई जिल्ला शिक्षा अधिकारीसमक्ष कारवाही चलाएको देखिँदैन । यस सम्बन्धमा अरूहरूबाट उजुर पर्दा जिल्ला शिक्षा कार्यालय बाराले मिति २०६६।११।६ मा स्थायी अध्यापन अनुमतिपत्र हुनेले मात्र शिक्षक पदको उम्मेदवार हुन पाउने भएको देखिएको हुँदा सोही निर्णयबमोजिम अस्थायी अध्यापन अनुमतिपत्रको आवेदनपत्र बदर गरी स्थायी अध्यापन अनुमतिपत्र पेस गरेका उम्मेदवारहरू मध्येबाट नियमानुसार पदपूर्ति प्रक्रिया अगाडि बढाउनु हुन अनुरोध गरिन्छ भन्ने कुरालाई मात्र औंल्याई निर्देशन र निर्णय गरेकामा उक्त पत्र बदर गरिपाउँ भनी निवेदिकाले माग गर्न सक्नु भएकी नपाइने ।

रिट निवेदनमा उल्लिखित पुरुष शिक्षकको नियुक्तिलाई कार्यान्वयन नगर्नु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेशको लागि निवेदिकाले माग गर्नु भएकी देखिए पनि यस अदालतबाट अन्तरिम आदेश हुन सकेको पाइँदैन । विपक्षी सुनिलप्रसाद यादवले नियुक्ति पाएको मिति २०६६।१२।१ को मितिले चानचुन ५ वर्ष र निवेदिकाले २०६७।११।२६ मा यो रिट दर्ता गरेको मितिले आज आदेश जारी हुँदाको मितिसम्म चानचुन ४ वर्ष व्यतीत हुन लागेको र विपक्षी सुनिलप्रसाद यादवको नियुक्तिले निरन्तरता पाएको र निजले उक्त पदमा हालसम्म काम गरिरहेको अवस्था छ । नियुक्ति लिनको लागि निज सुनिलप्रसाद यादव आफैंले कुनै गैरकानूनी काम गरेको देखिँदैन । निजको लामो समय यो काममा व्यतीत भएको र यो कामको कारणले निजले अरू अवसरको प्रयास नगरेको अवस्थामा निजलाई अब सेवाबाट वञ्चित गर्दा पुनः अवसर पाउने नपाउने कुराको ठेगान नहुने हुँदा निज अलपत्र पर्ने गरी न्याय सम्पादन गर्नु उचित हुने नदेखिने ।

रिट उपचारको व्यवस्था संविधानले प्रदान

गरेको संवैधानिक व्यवस्था भएपनि यसको जग समन्याय भएको कुरा नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७ को उपधारा (२) मा रहेको सो प्रयोजनको लागि पूर्णरूपमा न्याय गरी उचित उपचार प्रदान गर्न भन्ने वाक्यांशबाट स्पष्ट हुन्छ। उक्त वाक्यांश र यस अदालतले अवलम्बन गरेको रिटसम्बन्धी प्रचलन र पद्धतिमा कुनै निर्णय र आदेशमा कानूनी त्रुटि देखिनु रिट जारी हुने एक आधार हुन सक्ने भए पनि निवेदकको आचरण, विपक्षीलाई पर्ने मर्का, सामाजिक न्याय, समाजमा पर्ने प्रभाव, हकदैया आदि विभिन्न तत्त्वलाई विचार गरेर मात्रै रिट आदेश जारी हुने वा नहुने कुराको निरूपण हुने कारणबाट रिट उपचारलाई समन्यायमा आधारित अदालतको तजबीजमा जारी हुने उपचार भनिन्छ । माथि उल्लेख भएका तगाराहरूले गर्दा यसमा विपक्षी सुनिलप्रसाद यादवको नियुक्ति बदर गर्नु न्यायोचित हुने नदेखिँदा निवेदिकाको मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल माघ ५ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६४-CI-०६८०, दूषित लिखत बदर, *शिवकुमार संघई वि. न्हुच्छेलाल महर्जन*

एउटै जग्गा दोहोरो दर्ता भएकामा पछिल्लो दर्ताले मान्यता पाउन नसक्ने हुँदा पछिल्लो लिखतको अस्तित्व कायम रहन नसक्ने हुँदा २०४६।९।११ को लिखत तथा सो आधारमा भएको दर्तासमेत बदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालतबाट सुरू फैसला उल्टी भएको थियो। त्यसउपर प्रतिवादीले पुनरावेदन गरेकामा यस अदालतको संयुक्त इजलासले गरेको फैसलाको प्रकरण ११ मा जहाँसम्म हदम्यादको प्रश्न छ दाताले क्रेतालाई जुनसुकै अवस्थामा बिक्री गरेको वा हक छाडिदिएको सम्पत्ति उपलब्ध गराउनु निजको दायित्व हुन्छ भनी र प्रकरण १२ मा २०३१।२।१६ को लिखतबाट हक छाडिसकेको जग्गा साबिक दर्तावालाले आफ्नो हकै नरहेको अवस्थामा पछि गरिदिएको लिखत र सो लिखतको आधारबाट पछि भएको दर्तासमेत बदर हुने देखिँदा एउटै जग्गामा दोहोरो दर्ता भएकामा पछिल्लो दर्ताले कानूनी मान्यता प्राप्त गर्न नसक्ने कानूनी व्यवस्थासमेत रहेकाले त्यस्तो पछिल्लो मितिको लिखतको अस्तित्व कायम रहन नसक्ने स्थितिमा हदम्यादको कारण देखाई फिराद खारेज गर्ने ठहराएको सुरू बारा जिल्ला अदालतको फैसला उल्टी गरी २०४६।९।११ को लिखत तथा सो आधारमा भएको दर्तासमेत बदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मनासिब देखिँदा सदर हुने।

जग्गाधनीको हक हस्तान्तरणको राजिनामालगायतका लिखत हुन्छन र ती यथावत छन् भने त्यसविपरीत उही जग्गाको हक हस्तान्तरणको कुनै कानूनी मान्यता हुँदैन, लिखत आफैँमा पर्याप्त हुन्छ त्यस अनुसारको नामसारी आदि नहुँदैमा लिखत गराउनेको हकमा असर पर्दैन भन्ने कुरा स्पष्टतवरले राखेको र पछिल्ला लिखत र दर्ताहरूलाई अमान्य गरेको देखिन्छ । यसरी पुनरावेदन अदालतको निर्णयाधार ती नजिरहरूबाट समर्थित भएको अवस्था हुँदा वादी दाबीबमोजिम मिति २०५१।८।७ को पछिल्लो लिखत बदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर : सन्तोष अवाल

इति संवत् २०७१ साल पुस २१ गते रोज २ शुभम्।

- यसै लगाउको ०६४-CI-०६४०, दूषित लिखत दर्ता बदर, शिवकुमार संघई वि. न्हुच्छेलाल महर्जन भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६६-CI-१०९१, मोही नामसारी, *अलिहुसैन मियाँ वि. महम्मद हमिद मियाँ*

मोहीको मृत्युपश्चात् मोहीले कमाई आएको जग्गाको मोहियानी हक प्राप्त गर्नको लागि निजको पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र,, धर्मपुत्री, छोरा बुहारी, नाति, नातिनी बुहारी, दाजुभाइ वा दिदीबहिनीहरूमध्ये जो मोहीसँगै एकासगोलमै रहे बसेका छन् त्यस्तो व्यक्तिलाई जग्गाधनीले मोहीको रूपमा पत्याउन सक्ने र सोही व्यक्तिले नै मोहीले कमाई आएको जग्गाको मोहियानी हक प्राप्त गर्ने कुरामा दुविधा नदेखिने ।

भूमिसुधार कार्यालय, सप्तरीबाट वादी दाबी नपुग्ने गरी भएको निर्णयलाई उल्टी गरी वादी  हमिद मियाँको नाममा मोही नामसारी हुने पुनरावेदन अदालत, राजविराजबाट ठहरी मिति २०६६।२।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रत्यर्थीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

इति संवत् २०७१ साल फागुन १९ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CR-०८५०, भ्रष्टाचार, *नेपाल सरकार वि. प्रेमप्रकाश शाही*

यी प्रतिवादी प्रेमप्रकाश शाहीले मिति २०३४ मा पेस गरेको प्रमाणपत्र तत्कालीन अवस्थामा लोकसेवा आयोगले मान्यता दिएको तर पछि २०४२।२।६ को आयोगको निर्णयबाट "अब नियुक्तिको लागि दरखास्त लिँदा आयोगले मान्यता नदिने" भनी निर्णय भएको देखिन्छ । कुनै पनि निर्णय हुनुअघि नै चालु रहेको कुनै कुरा वा सोबमोजिम रीत पुर्याई अघि नै गरिएको कुनै काम पछि बन्ने निर्णयले असर पार्दैन । लोकसेवा आयोगको अब नियुक्तिको लागि दरखास्त नलिने भन्ने उक्त निर्णय भैसकेको नियुक्तिको लागि नभै उक्त मिति २०४२।२।६ पश्चात्को नयाँ हुने नियुक्तिको हकमा मात्र आकर्षित हुने देखिँदा प्रतिवादीले पेस गरेको प्रमाण पत्र झुट्ठा भन्ने देखिन नआउने ।

प्रतिवादीलाई सजाय हुन निजले राष्ट्रसेवकको ओहदा पाउन वा सो ओहदामा बहाल रहन वा कुनै हैसियत, लाभ वा सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यता, नाम, तीन पुस्ते, उमेर, जात, थर, ठेगाना, नागरिकता वा योग्यता वा अन्य कुनै कुराको झुट्ठा विवरण पेस गरेको हुनु पर्नेछ । तथापि यी प्रतिवादीले आफूले पेस गरेको प्रमाण पत्र जे जस्तो छ त्यही नै साँचो हो भनी बयान गर्नुका अतिरिक्त निजले उक्त सक्कल कागजातसमेत पेस गरेको देखिँदा निजले जागिर खानको  निमित्त झुट्ठा प्रमाणपत्र पेस गरेको भन्ने देखिन नआउने ।

प्रस्तुत मुद्दामा प्रतिवादीले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्रलाई प्रमाणीकरण गर्न पठाउँदा मान्यता प्राप्त भएको नदेखिएको भन्नेसम्म लेखी आएको देखिन्छ, त्यस्तै लोक सेवा आयोगसँग पत्राचार हुँदा हिन्दी साहित्य सम्मेलन (हिन्दी विश्वविद्यालय) इलाहाबादलाई तत्कालीन समयमा मान्यता दिएको तर २०४२।२।६ को आयोगको निर्णयबाट आयोगको काम कारवाहीका लागि दरखास्त नलिने भनी निर्णय

भएबमोजिम हालसम्म सोहीअनुसार कायम हुँदै आएको भनी लेखी आएको मिसिल संलग्न प्रमाणबाट देखिँदा गलत वा झुट्ठा भनी उल्लेख भै आएको नभई मान्यता नदिएको सम्मको अवस्था विद्यमान रहेको देखियो । संवत् २०३४ (सन् १९७७) मा नै प्रथमा परीक्षा पास गरेको र सो बखत सो प्रमाणपत्रलाई पनि मान्यता दिएको भन्ने कुरा च.नं. ९६९ मिति २०६८।१।१९ को लोक सेवा आयोगको पत्रबाट लेखी आएको मिसिल संलग्न प्रमाणबाट देखिन्छ । मान्यता प्राप्त नहुनु र झुट्ठा भन्ने कुरा फरकफरक कुरा हुन् । पछिबाट मान्यता प्राप्त नभएको भन्ने आधारमा मात्र प्रतिवादीले पेस गरेको प्रमाणपत्रलाई झुट्ठा भन्न मिल्ने नदेखिने हुँदा प्रतिवादी प्रेमप्रकाश शाहीले पेस गरेको प्रमाणपत्र लोक सेवा आयोगको मिति २०४२।०२।०६ को निर्णयपश्चात् मान्यता प्राप्त भएकोसम्म नदेखिएको एवम् मिसिल संलग्न कागजातबाट झुट्ठा प्रमाणपत्र हो भन्नेसमेत प्रमाणित भएको अवस्था नहुँदा प्रतिवादीउपर लिएको आरोपपत्रको माग दाबी पुग्न नसक्ने ठहर्छ भन्ने विशेष अदालत, काठमाडौंको मिति २०६९।१०।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल माघ २९ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-००७५, जालसाजी, *हरिराम कोहार वि. बिलाइती कोहाइन*

एकातर्फ एकासगोलका अंशियारहरूबीच मिलापत्र हुँदा सो मिलापत्रमा अंशबापत बुझिएको भनिएको रकम के कति हो खुल्न नआउनु भने अर्कोतर्फ प्रत्यर्थी वादी वृद्ध महिलासमेत भएको देखिँदा निज प्रत्यर्थी वादीलाई झुक्यानमा पारी अंशबापत भनी नगद बुझेको भन्ने व्यहोरा उल्लेख गरी अंश प्राप्त गर्नबाट वञ्चित बनाएको कुरालाई अन्यथा भन्न नमिल्ने हुँदा कपिलवस्तु जिल्ला अदालबाट जालसाजीमा दाबी नपुग्ने भनी मिति २०६५।१०।२१ मा भएको फैसलालाई उल्टी गरी मिति २०६४।१२।५ को मिलापत्रलाई जालसाजी ठहर्‍याई भएको पुनरावेदन अदालत, बुटवलको मिति २०६६।१०।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर : खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल फागुन १९ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CR-१३५४, कर्तव्य ज्यान, *कमला योगी गोसाई वि. नेपाल सरकार*

घटनाको अवस्था र प्रतिवादीको उमेरसमेतलाई हेर्दा प्रतिवादीलाई सर्वस्वसहित जन्म कैदको सजाय गर्दा चर्को पर्ने भएकाले अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्ने गरेको पुनरावेदन अदालत, तुलसीपुरको फैसला मिलेको नै देखिँदा उल्लिखित तथ्य, कानून र विवेचनासमेतको आधारमा प्रतिवादी कमला योगी गोसाईले मृतक विष्णु बुढाथोकीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. बमोजिम कर्तव्य गरी मारेकामा प्रतिवादीको उमेर र घटनासमेतलाई मध्यनजर गर्दा अ.बं. १८८ नं. बमोजिम दश (१०) वर्ष कैद सजाय गर्ने ठहर गरी सुरू सल्यान जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६८।१०।१८ को फैसला मिलेको देखिँदा सदर

हुने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७२ साल जेठ ६ गते रोज ४ शुभम् ।

५

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री दीपकराज जोशी,** ०६६-CR-०२०७, जबरजस्ती चोरी, *नेपाल सरकार वि. प्रविण दिप के.सी.*

प्रतिवादी प्रवीण दीप के.सी.को साथबाट कुनै चोरीको रूपैयाँ बरामद नभएको अवस्थामा अन्य अभियुक्तको पोलको आधारमा मात्र चोरी जस्तो फौजदारी अपराधमा दसी प्रमाणको मूल्याङ्कनको आधारमा मात्र शङ्कारहित तवरले पुष्टि गर्नु पर्ने हुन जान्छ । निजको उक्त चोरी गर्ने कार्यमा संलग्न रहेको कुनै तथ्ययुक्त प्रमाण नभएको देखिएकाले मुलुकी ऐन चोरीको महलको १ नं. को चोरीको कसुर अपराध गरेको देखिन आएन । चोरीको अपराधमा सहअभियुक्तको पोललाई मात्र आधार मान्न मिल्ने अवस्थासमेत नरहेको र अन्य प्रमाणले पुष्ट्याईं गर्नसमेत सकेको नदेखिएकाले यस अदालतबाट झगडिया झिकाउँदा लिएको आधारसँग सहमत हुन नसक्ने ।

उल्लिखित आधार र कारणहरूसमेतबाट प्रतिवादी प्रवीणदीप के.सी. बाट चोरी भएको भनिएको रूपैयाँसमेत बरामद नभएको अवस्थामा सह अभियुक्तको पोलको आधारमा मात्र चोरी जस्तो फौजदारी अपराधमा वस्तुनिष्ठ प्रमाणको अभावमा कसुरदार ठहर गर्न मिल्ने नदेखिएकाले सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसला केही उल्टी भई प्रतिवादी प्रवीणदीप के.सी.ले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याई गरेको पुनरावेदन अदालत, दाङ तुल्सीपुरको मिति २०६६।१।७ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: अमृता उप्रेती

इति संवत् २०७१ साल माघ ५ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०४७४, कर्तव्य ज्यान, *बुद्धिबहादुर थापा, वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले आफ्नो दाजु रक्सीले मातेको अवस्थामा जर्किनको विषयलाई लिएर झगडा गर्नु र दाजुको हातबाट खुकुरी खोसी निजकै टाउकामा प्रहार गरेको कुरालाई स्विकार गरेको निजको मिसिल संलग्न बयान कागजबाट देखिएको छ । टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गर्दा सामान्य चेतना भएको व्यक्तिले मृत्यु हुन सक्छ भन्नेसमेत विचार गर्ने हुँदा यस्तो प्रहारको विषय भवितव्य हुने अवस्था नदेखिने ।

खुकुरी प्रहारबाट मृतक दाजु ढलिसकेपश्चात् पनि शरीरका अन्य अङ्गमा खुकुरी एवम् हात मुक्कासमेत प्रहार गरेको मिसिलसँलग्न घटना विवरणबाट देखिएको छ । मृतक दाजु घाइते भएपश्चात् पनि निज प्रतिवादीले उपचारमा सहयोग गर्नुपर्नेमा सोसमेत नगरी भागी हिँडेको र प्रतिवादीले प्रहार गरेको चोटका कारणबाट दाजुको मृत्यु भएको कुरा मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भइरहेको अवस्थामा संयोगवस दाजुको मृत्यु भएको हुँदा भवितव्य पर्न गएको भनी लिएको पुनरावेदन जिकिर उचित देखिन आएन । निज प्रतिवादीले ज्यान मार्ने मनसायले नै प्रहार गर्दा दाजु धुनबहादुरको मृत्यु भएको देखिन आयो । तसर्थ प्रचलित कानून र प्रतिपादित सिद्धान्तको रोहमा प्रस्तुत मुद्दाको वारदातको परिस्थिति र प्रतिवादीको कार्यको विश्लेषण गर्दा प्रस्तुत वारदात भवितव्यअन्तर्गत पर्ने नदेखिई ज्यानसम्बन्धीको महलको १३ को उपदफा

१ को व्यवस्था आकर्षित हुने देखिँदा पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

माथि विवेचित आधार कारणहरू एवम् प्रतिपादित सिद्धान्तसमेतलाई विचारगर्दा यी पुनरावेदक प्रतिवादी बुद्धिबहादुर थापाले प्रहार गरेको खुकुरीसमेतको चोटको कारणबाट दाजु धुनबहादुर थापाको मृत्यु भएको देखिएकाले निज प्रतिवादी बुद्धिबहादुर थापालाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहर्‍याई प्युठान जिल्ला अदालतबाट भएको फैसला नै सदर गरेको पुनरावेदन अदालत, तुल्सीपुरको मिति २०६६।१०।२६ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल माघ ५ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-MS-००२७, अदालतको अवहेलना, *कमलप्रसाद इटनी, वि. प्रधानमन्त्री डा. श्री बाबुराम भट्टराईसमेत*

अदालतलगायतका राज्यका अन्य अङ्गहरूको मुख्य अभिष्ट भनेको नागरिक हितको संबर्धन गर्नु हो। स्वतन्त्र न्यायपालिकाको अर्थ न्याय सम्पादनमा निष्पक्षता र स्वच्छता कायम गर्नु हो। जसबाट लोकतन्त्र दरिलो हुन सक्दछ। मुद्दा मामिलाको रोहमा अदालतले गरेको आदेश वा निर्णय उल्लङ्घन हुँदै जाने हो भने स्वतन्त्र न्यायपालिकाको कुनै अर्थ रहँदैन। यस्तो अवस्थाले नागरिक अधिकारको संरक्षणमा समेत बाधा उत्पन्न भइरहने हुन्छ। अदालतप्रतिको जनआस्थालाई जोगाई राख्नको लागि अदालतबाट भएका आदेश वा निर्णय नमान्ने व्यक्ति वा निकायलाई अदालतको अवहेलनामा अदालतले कारवाही गर्नु पर्ने बाध्यता हुन जाने।

नेपालको अन्तरिम संविधानबमोजिम गठन भएको संविधान सभा, मन्त्रिपरिषद्‌लगायतका सबै संवैधानिक संस्थाहरूसँग संविधान र कानूनद्वारा बाँधिने संस्कार र पद्धतिको अपेक्षा गरिएको हुन्छ। सोअनुसार उपर्युक्त उल्लिखित निर्णयको अक्षर र भावनाको कार्यान्वयन गर्ने अहम् जिम्मेवारी सुम्पेको प्रधानमन्त्री र मन्त्रिपरिषद् जस्तो संस्थाले अदालतको निर्णयको अवज्ञा गर्ने वा उल्लङ्घन गर्ने वा सो हिसाबले कुनै अपेक्षा कदापि गर्न नसकिने।

विपक्षीहरूले अवहेलना हुन गएको भए क्षमायाचन गर्दछु भनी अदालतको प्रतिष्ठा र गरिमामाथि मर्यादा कायम गर्दै क्षमायाचनासमेत प्रकट गर्नु भएकाले र अदालतको आदेशप्रति सम्मान प्रकट गरेकाले विपक्षीहरूको अवहेलना गर्ने मनसाय रहेको भन्ने पुष्टि हुन नआउने हुँदा उल्लिखित तथ्य र सोको विवेचनासमेतको आधारमा विपक्षीहरूबाट निवेदन मागबमोजिम अदालतको अवहेलना भएको पुष्टि हुन नआएकाले प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल माघ २९ गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CR-१०१०, अपहरण तथा शरीर बन्धक, *प्रभात भन्ने दिनेश के.सी. वि. नेपाल सरकार*

जाहेरवालालाई मिति ०६६।३।२६ गते साँझको समयमा बालकुमारीमा बोलाई नरेफाँटस्थित कोठामा पुर्‍याई अपहरणकारीहरूले ज्यान मार्ने धम्की दिई विभिन्न नाङ्गो फोटो खिची शारीरिक र मानसिक

यातना दिई विभिन्न मितिमा गरी रू. १२,००,०००।- बाह्र लाखको कागजमा हस्ताक्षर गराई केही रकम दिएमा आजै छोड्ने भनी रू. ४५,०००। किष्ट बैंकको एटिएमबाट झिकी आफूलाई अपहरण मुक्त गरेको भनी जाहेरी दरखास्तमा किटानीसाथ उल्लेख गरेका र सो सम्बन्धमा मिसिल संलग्न रहेको मिति ०६६।३।२६ गतेको जाहेरवालाले प्रयोग गरेको एटिएम कार्डबाट रूपैयाँ निकालेको भन्नेसमेत व्यहोराको किष्ट बैंकको बैंक स्टेटमेन्ट रहेको, जाहेरवालालाई अपहरण गरी नरेफाँट कोठामा बन्धक बनाई डर त्रास देखाई नाङ्गो फोटो खिचेको र रू. १२,००,०००।- बाह्र लाखको वैदेशिक रोजगारको कागज गराई सोही दिन जाहेरवालाबाट रू. ४५,०००।- फिरौती लिएको भन्नेसमेत व्यहोराको आकाश डम्बर भन्ने धन बहादुर लिम्बु र कामानन्द खड्काले एकै व्यहोराको अलग अलग अनुसन्धान अधिकृतसमक्ष बयान गरेको र रू. ४५,०००।- फिरौती रकम लिने आकाश लामा भन्ने धनबहादुर लिम्बु यिनै हुन् भनी सनाखत कागज गरेको मिसिल संलग्न कागजबाट देखिएको अवस्थामा अन्यथा प्रमाणित नभएसम्म अनुसन्धानको क्रममा व्यक्त गरेको कुरालाई प्रमाणमा लिन हुने नै हुँदा यी प्रतिवादीले जाहेरवालालाई अपहरण गरेको पुष्टि हुन जाने।

जाहेरवालाको किटानी जाहेरी, घटना मुचुल्का, घटना विवरण कागज पुनरावेदक प्रतिवादी दिनेश के.सी र अन्य प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष भएको बयान एवम् जाहेरवालाको अदालतमा भएको वकपत्र, मिति २०६६।३।२६ गते जाहेरवालाले प्रयोग गरेको ATM कार्डबाट रूपैयाँ निकालेको भन्नेसमेत व्यहोराको किष्ट बैंकको स्टेटमेन्ट, सनाखत कागज तथा अन्य संलग्न प्रमाणसमेतका आधारबाट यी पुनरावेदक प्रतिवादीले अभियोग मागदाबीबमोजिम अपहरण तथा शरीर बन्धकको महलको १ नं को विपरीतको कसुर गरेको देखिन आएकाले निज प्रतिवादीलाई अपहरण तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम सजाय तथा समूहगत संलग्नता भएकोतर्फ ऐजन महलको ७ नं. ले थप सजायसमेत हुने देखिँदा उल्लिखित आधार कारणहरू समेतबाट पुनरावेदक प्रतिवादी प्रभात भन्ने दिनेश के.सीलाई अभियोग माग दाबीबमोजिम कसुरदार ठहर्‍याएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।६।१० गतेको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: अमृता उप्रेती

इति संवत् २०७१ साल फागुन ४ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-०२३१, मूल्य अभिवृद्धि कर, *खुमराज पुंजाली, वि. रामचन्द्र संघई*

करयोग्य कारोबारसँग असम्बन्धित कुर्सी, फ्रिज, टीभी आदि खरिद गरेको सम्बन्धमा उद्योगले आफ्नो प्रशासनिक क्षमता वृद्धि गर्न कार्यालयमा कर्मचारीलगायत विभिन्न व्यावसायिक आगन्तुकको लागि बस्न कुर्सी, सूचना र मनोरञ्जनको लागि टीभी र गर्मी समयमा शीतलताको लागि फ्रिज खरिद गरेको त्यसमा पनि मूल्य अभिवृद्धि कर लगाएको मिलेन। जर्ति कट्टी सम्बन्धमा पनि ३ प्रतिशतमात्र कट्टी गरेको पनि नमिलेको भनी यसै लगाउको मुद्दामा भएको आधार बुँदा उल्लेख गर्दै सो हदसम्मको मूल्य अभिवृद्धि कर निर्धारण गरेको आन्तरिक राजश्व विभागको फैसलालाई उल्टी गरेको देखिने।

अनुमानित उत्पादनलाई आधार बनाएर बेरूजु औंल्याएको महालेखा परीक्षक, असुल गर्न भनी प्रतिनिधिसभा सार्वजनिक लेखा समितिले दिएको निर्देशन र मूल्य अभिवृद्धि कर कार्यालय बाराबाट सो सम्बन्धमा भएको निर्णयसमेत बदर गरी बेरूजु रकम असुल नगर्नु भनी परमादेश जारी गरेको हदसम्मको संयुक्त इजलासको आदेश मनासिब ठहराएको देखिने। आन्तरिक निर्णयलाई मात्र एकोहोरोरूपमा स्वीकार गरी त्यसको कुनै अपवाद आदि हुन नसक्ने भनी अरू परिणामलाई अस्वीकार गर्नु स्वच्छ न्यायविपरीत हुन्छ। तसर्थ बिना आधार प्रमाण ३ प्रतिशतभन्दा बढी जर्ति कट्टी नहुने भन्ने आन्तरिक राजश्व कार्यालयसमेतको निर्णय उल्टी गरेको राजश्व न्यायाधिकरणको फैसलासँग असहमत हुनु पर्ने अवस्था नहुने।

बिजक नभएकामा जरिवाना नलाग्ने भनी ठहर गरेको हदसम्मको राजश्व न्यायाधिकरणको मिति २०६६।३।२३ को फैसला मिलेको नदेखिँदा सोहदसम्म उल्टी भै अरू सदर हुने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७१ साल चैत १६ गते रोज २ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६७-CR-०२४०, मूल्य अभिवृद्धि कर, खुमराज पुंजाली, वि. रामचन्द्र संघई

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-००८९, आगो लगाई ज्यान मार्ने उद्योग, *नेपाल सरकार, वि. विष्णुबहादुर के.सी.*

प्रत्यर्थी प्रतिवादीले नै जाहेरवालीहरूको घरमा आगो लगाएको देख्ने नाबालक सपना के.सी. बाहेक अन्य प्रत्यक्षदर्शीहरू रहेको देखिँदैन भने प्रतिवादी बिष्णुबहादुर के.सी. आरोपित कसुरमा इन्कार रही बयान गरेको र निजमाथि लगाइएको अभियोग शङ्कारहित तथ्ययुक्त सबुद प्रमाणबाट पुष्टि हुन नसकेको र प्रतिवादीले आफ्ना साक्षीहरू बुझिपाउँ भनी सुरू प्युठान जिल्ला अदालतमा दिएको निवेदन मागबमोजिम निजका साक्षीहरू अदालतबाट बुझिएकोसमेत देखिँदैन। यस्तो अवस्थामा शङ्काको सुविधा प्रतिवादीले पाउने भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तसमेतको आधार र अवस्थामा फौजदारी कसुर जस्तो गम्भीर अपराधमा सजाय गर्नु न्यायसङ्गत हुने नदेखिने।

प्रत्यर्थी प्रतिवादी विष्णुबहादुर के.सी.लाई मुलुकी ऐन, आगो लगाउनेको १ नं. को कसुरमा ऐ. को ५ नं. बमोजिम ५ वर्ष कैद र जाहेरवालीहरूलाई प्रतिवादीबाट एक एक लाख भरिपाउने ठहर्‍याई सुरू प्युठान जिल्ला अदालतबाट मिति २०६६।१।२७ मा भएको फैसलालाई उल्टी गरी निजलाई आरोपित कसुरबाट सफाइ पाउने ठहरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६६।१२।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७१ साल चैत १६ गते रोज २ शुभम्।

११

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CI-१४३३, अशबन्डा गरी जग्गा छुट्याई पाऊँ, *मणिक नानी चित्रकार, वि. पूर्णप्रसाद चित्रकार*

मिति २०२७।११।१५ मा बन्डापत्रको लिखत भई सोहीदिन विभिन्न ८ कित्ता जग्गाहरू पछि बन्डा गरी लिने गरी बन्देजपत्र लिखत भएकामा विवाद देखिएको छैन। यी पुनरावेदक वादीले २०५२

सालमा अंश मुद्दा दायर गर्दाको अवस्थामा समेत मिति २०२७।११।१५ को बन्देजपत्रको जग्गा बन्डा गरिपाउँ भन्ने दाबी गरेको नदेखिएको र सो मुद्दामा यी पुनरावेदिका प्रत्यर्थीको बीच मिति २०२७।११।१५ मा भएको बन्डापत्रबमोजिमको जग्गाहरूको सम्बन्धमा ठहर भई अन्तिम भएको अवस्थामा प्रस्तुत दायर भएको अबन्डा जग्गा बन्डा गराई पाउँ भन्ने मुद्दामा मुलुकी ऐन अ.बं. ८५ नं. आकर्षित हुने देखिएन।

अतः यसमा बन्देजपत्रमा उल्लिखित सम्पत्ति सम्बन्धमा यस अदालतको मिति २०६३।२।१७ गते फैसलामा केही नबोलेको देखिएको हुँदा बन्देजपत्रमा उल्लिखित जग्गा अबन्डा रहेको देखिएकाले फिराद खारेज हुने गरी सुरू भक्तपुर जिल्ला अदालतले गरेको फैसलालाई नै सदर हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०६६।१२।२५ गतेको फैसला मिलेको नदेखिएकाले बदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

इति संवत् २०७१ साल चैत ८ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसै अनुसार आदेश भएका छन्:

- ०६७-CI-१४३४, कित्ता काट, मणिक नानी चित्रकार, वि. पूर्णप्रसाद चित्रकारसमेत
- ०६७-CI-१४३५, कित्ता काट, मणिक नानी चित्रकार, वि. पूर्णप्रसाद चित्रकारसमेत
- ०६७-CI-१४३६, लिखत बदर दर्ता बदर हक कायम समेत, मणिक नानी चित्रकार, वि. कृष्ण ख्याजुसमेत
- ०६७-CR-११७४, किर्ते जालसाजी, मणिक नानी चित्रकार, वि. पूर्णप्रसाद चित्रकारसमेत

१२

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-०४०१, उत्प्रेषण / परमादेश, *गणेश राई, वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग टङ्गाल काठमाडौंसमेत*

नेपाल सरकारको नाउँमा दर्ता भएको जग्गा जिल्ला शिक्षा कार्यालय इलाम र जिल्ला प्रशासन कार्यालय इलामको नाउँमा जग्गाधनी दर्ता प्रमाण पुर्जा कायम रहिरहेको मिसिल संलग्न प्रमाणबाट देखिइरहेको सम्बन्धमा जसको नाममा दर्ता स्रेस्ता कायम रहेको छ सो बदर नभएसम्म सम्बन्धित निकायले निर्माण कार्य गर्न नपाउने भन्न कानूनत: मिल्ने नदेखिने।

जग्गाको मोहीको सम्बन्धमा अधिकारप्राप्त निकायबाट निर्णय गरी सोसम्बन्धमा अन्य वैकल्पिक उपचारको बाटो अवलम्बन गर्ने कानूनी हक सुरक्षित नै रहिरहेको अवस्थामा उल्लिखित जग्गाको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६९।६।३ मा भएको निर्णयको सम्बन्धमा कुनै आदेश जारी गर्नु पर्ने अवस्थाको विद्यमानता देखिन आएन । निवेदक स्वयम्ले निवेदन गरेको निवेदनउपरको कारवाहीको क्रममा तामेलीमा राख्ने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट निर्णय भएको अवस्था देखिन्छ । अत: यसमा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन नआएकाले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

इति संवत् २०७१ साल फागुन ६ गते रोज ४ शुभम्।

१३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-१०६७, ०६८-CR-०१०८, अपहरण तथा शरीर बन्धक, *सरोजचन्द्र यादव, वि. नेपाल सरकार, नेपाल सरकार, वि. सरोजचन्द्र यादव*

किटानी जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का, वस्तुस्थिति मुचुल्का, घा जाँच प्रतिवेदन,

पीडितको बयान बकपत्र, वादीका साक्षीहरूको बकपत्र एवम् उल्लिखित कानूनी व्यवस्थासमेतका आधारमा प्रतिवादी सरोजचन्द्र यादवले गुमस्ता यादवलाई अपहरण गरी बन्धक बनाई अपहरण गर्ने तथा शरीर बन्धकको महलको ३ नं. को कसुर अपराध गरेको देखिने।

अभियोजन पक्षले स्पष्ट दाबी नलिई के उद्देश्यले अपहरण गरेको सो नखुलाई अपहरण गर्ने तथा शरीर बन्धकको महलको १ , २ र ३ नं.को एकमुष्ट मागदाबी गरेकामा अदालत आफैँले यो उद्देश्यले भनी मागदाबी नै नभएको विषयमा अनुमान गरी आफैँले दाबी कायम गरी जिल्ला अदालत तथा पुनरवेदन अदालतले गरेको फैसला मिलेको नदेखिने।

पुनरावेदक वादी नेपाल सरकारले ऐजन महलको ७ नं. बमोजिम दुईजनाभन्दा बढीको समूहमा अपहरण गरेको भनी थप सजायको पुनरावेदन जिकिर लिएकामा समूहमा अपहरण गरेको व्यहोरालाई वादीले पुष्टि हुने गरी अन्य प्रतिवादीहरू कायम गरी अभियोग दर्ता गर्नसमेत नसकेको अवस्थामा एकजनामात्र प्रतिवादी कायम भई मुद्दाको कारवाही चलेको अवस्थामा उल्लिखित जिकिर अभियोगबाटै खण्डित भइरहेको देखिएकाले दफा ७ बमोजिम थप सजाय हुने देखिन आएन। पीडितलाई ऐजनको दफा १२ बमोजिम रू. ५००।- क्षतिपूर्ति दिने गरी भएको निर्णय न्यायोचित नै देखिने हुँदा पुनरावेदन अदालत, राजविराजको मिति २०६७।११।४ गतेको फैसला केही उल्टी भई अपहरण गर्ने तथा शरीर बन्धकको महलको ३ नं. बमोजिम प्रतिवादीलाई चार वर्ष कैद र पच्चीस हजार रूपैयाँ जरिवाना हुने ठहरी फैसला भएको र प्रतिवादीलाई ऐजनको ९ नं. बमोजिम थप दुई वर्ष कैद गरी जम्मा छ वर्ष कैद र पच्चीस हजार रूपैयाँ जरिवाना हुने ठहर्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०७२ साल भदौ १६ गते रोज ४ शुभम्।

१४

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६३-CI-११०६, ०६४-CI-००६४, ००६६ अंश दर्ता, *सूर्यनाथ यादव वि. रासलाल यादवसमेत, रासलाल यादवसमेत वि. सूर्यनाथ यादव, महेन्द्र यादवसमेत वि. सूर्यनाथ यादव*

प्रतिवादीहरू सगोलको घरमा नबसी आफूआफूले नोकरी पेसा रोजगारी गरी बेगल-बेगल स्थानमा घर जग्गा जोडेकामा वादी सूर्यनाथ यादवले यी सम्पत्ति मेरो तलबबाट दाजु प्रतिवादी रासलाल यादवले छोरा बुहारीको नाममा खरिद गरेका हुन् भन्ने प्रतिवादी जिकिर तर्कसङ्गत छैन। वस्तुतः काकाको आयबाट छोरा बुहारीका नाममा जग्गा खरिद हुने प्रश्न नै नआउने।

आफ्नो परिवारको सदस्यभन्दा बाहिर (टाढा) को व्यक्ति रविन्द्र प्रजापतीबाट हालैको बकसपत्रबाट प्राप्त गरेको देखिएको हुँदा उक्त सम्पत्ति निजी मान्नु पर्ने।

कानून, नजिर सिद्धान्तसमेतबाट प्रतिवादीहरू श्यामादेवी यादव नाम दर्ताको कि.नं. ८९ को जग्गा निजी ठहरी बन्डा नलाग्ने ठहरेकाले सो हदसम्म पुनरावेदन अदालत, राजविराजको फैसला केही उल्टी भई अन्य सम्पत्तिको हकमा पुनरावेदन अदालत, राजविराजले मिति २०६३।५।२५ गतेमा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृत (उपसचिव) : प्रेम खड्का
इजलास अधिकृत (शाखा अधिकृत) : खेमकुमारी बस्नेत
इति संवत् २०७१ साल फागुन २५ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसै अनुसार आदेश भएका छन्:

- ०६३-CI-११०५, ०६४-CI-००६५, ००६७, अंश दर्ता सूर्यनाथ यादव, वि. रघुनाथ यादवसमेत, महेन्द्र यादव, वि. सूर्यनाथ यादव, रासलाल यादवसमेत, वि. रघुनाथ यादव

**इजलास नं. ४**

१

**मा.न्या. श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री दीपकराज जोशी,** ०७२-WH-०००४, बन्दीप्रत्यक्षीकरण, *भरत शर्मा भन्ने पुष्पलाल उप्रेती, वि. काठमाडौं जिल्ला अदालत बबरमहलसमेत*

निवेदनमा निवेदक जाली राहदानी मुद्दामा फैसलाअनुसार कैद भुक्तान गर्न कारागार शाखामा कैदमा रहेको अवस्थामा निवेदक प्रतिवादी भएका खैरो हिरोइन र जिउ मास्ने बेच्ने मुद्दामा अन्य अदालतबाट निजलाई भएको कैद सजायसमेतमा मुलुकी ऐन, दण्डसजायको महलको १० र ४१ नं. बमोजिम ठेकिएको कैदमा बसी कैद अवधि भुक्तान गरी निज थुना मुक्त भइसकेपछि पुनः पक्राउ गरी थुनामा राख्न पठाएको विषयलाई गैरकानूनी थुना भनी बन्दीप्रत्यक्षीकरणको उपचार माग गरेको देखिन्छ । तर, प्रस्तुत निवेदनमा निवेदकलाई जबरजस्ती करणी मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।७।२३ मा फैसला हुँदा ८ वर्ष कैद सजायसमेत हुने ठहरी फैसला भएको देखिन्छ। फैसला हुँदा निवेदक अदालतमा अनुपस्थित रहेको पाइन्छ । पक्राउ भई आएका निवेदकलाई फैसलाबमोजिमको कैद भुक्तानीका लागि कारागारमा पठाइएको कार्यले पुनरावेदन गर्न पाउने कानूनले प्रदान गरेको अवधि भुक्तान नहुँदै पक्राउ गरी थुनामा पठाउने विपक्षीहरूको कार्य गैरकानूनी हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी उपचार माग गरेको अवस्था छ। यसरी उक्त निवेदनको तथ्य र यस निवेदनको तथ्य फरकफरक भएको अवस्था हुँदा सो निवेदनमा आदेश गर्दा कायम गरिएको निर्णयधार र प्रतिपादित सिद्धान्त प्रस्तुत निवेदनका विषयमा आकर्षित हुन सक्ने देखिन नआउने।

सुरू अदालतबाट कैद सजाय भएको व्यक्तिले पुनरावेदनको म्याद अवधिसम्म थुनामा रहन नपर्ने कुरा उपर्युक्त कानूनहरूले व्यक्तिको अधिकारको रूपमा सृजना नगरी अदालतले अनुमति दिएमा मात्र प्रचलन हुन सक्ने सुविधाको रूपमा प्रदान गरेको पाइन्छ । अधिकारको प्रचलनका लागि दाबी गर्ने व्यक्तिले आफ्नो कानूनी कर्तव्य पनि पूरा गर्नुपर्छ । यी निवदेकले कानूनले प्रदान गरेका अ.बं.१९४ नं. समेतका कानूनी मार्गको अवलम्बन नगरेको स्थिति छ । यसरी सामान्य प्रचलित कानूनको व्यवस्थालाई आत्मसात् नगरी फैसलाअनुरूप कैदमा राख्ने कार्य गर्दा पुनरावेदन गर्न पाउने म्यादको अवधि भुक्तान नहुँदै पक्राउ गरी थुनामा राख्न पठाइएको कार्य गैरकानूनी छ भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने।

कानूनले अख्तियार प्रदान गरेको सक्षम निकाय काठमाडौं जिल्ला अदालतबाट भएको फैसलाले लागेको कैद असुल गर्ने क्रममा निवदेक पक्राउ भई थुनामा रहेको देखिन्छ। फैसलाबमोजिम पुनरावेदनको म्याद पनि निवेदकले प्राप्त गरिसकेको अवस्था छ। माथि विवेचना भएअनुसार कानूनले मार्ग प्रशस्त गरेको अधिकारको अनुसरण गरी निवदेक भरत शर्मा भन्ने पुष्पलाल उप्रेतीले पुनरावेदन गर्न पाउने नै हुँदा निजलाई फैसलाले ठहर गरेको कैद असुलीका

लागि विपक्षीमध्येको काठमाडौं जिल्ला अदालतबाट कैदमा राख्न कारागार पठाइएको कार्य गैरकानूनी नहुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गरिपाउँ भन्ने निवदेकको निवेदन कानूनी आधारविहीन हुँदा खारेज हुने।

इजलास अधिकृत : कपिलमणि गौतम

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७२ साल भदौ ८ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०६६-WO-०७२८, उत्प्रेषण, *सपना गुरूङ मैनालीसमेत वि. जिल्ला सरकारी वकिलको कार्यालय, भरतपुर, चितवनसमेत*

निवेदन दाबीमा उल्लिखित कि.नं.६०९ को जग्गा ठगी ठहर भएको साबिक कि.नं.४४३ को जग्गाबाटै कित्ताकाट भै कायम भएको देखिएको सो जग्गाबाट ठगीको बिगो भराउन मिल्ने नै देखिँदा यी रिट निवेदकहरूले फैसला कार्यान्वयनको निवेदन तामेलीमा राखी पाउँ भनी दिएको निवेदनमा चितवन जिल्ला अदालतका तहसिलदारले उक्त निवेदन तामेलीमा राख्न मिलेन भनी गरेको आदेशलाई चितवन जिल्ला अदालत र पुनरावेदन अदालत, हेटौंडाबाट यथोचित नै मानी कानूनबमोजिम गर्नु भनी भएको आदेश कानूनअनुरूप नै रहेको र उक्त आदेशहरूबाट निवेदकहरूको कुनै कानूनी वा संवैधानिक हकमा आघात परेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल असार १५ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-WO-०२६९, परमादेश, *अधिवक्ता जीवनकुमार पोखरेलसमेत वि. वातावरण तथा विज्ञान तथा प्रविधि मन्त्रालयसमेत*

रिट निवेदकहरूले निवेदनमा उल्लेख गरेका वायुको गुणस्तरसम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ (National Ambient Air Quality Standard, 2012) र नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ (Nepal Vehicle Mass Emission Standard, 2012) नेपाल सरकारले मिति २०६९।४।२९ को नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जारी गरेको देखियो। वायुको गुणस्तरसम्बन्धी राष्ट्रिय मापदण्डमा वायु मण्डलमा हुनुपर्ने विभिन्न वायु तत्त्वहरू तथा अन्य पदार्थहरूको मात्राका सम्बन्धमा व्यवस्था गरिएको देखिन्छ भने नेपाल सवारी प्रदूषण मापदण्डमा सवारी साधनहरूले निष्काशन गर्ने धुवाँको मात्रालगायत अन्य कुराहरूका सम्बन्धमा व्यवस्था गरिएको देखिन्छ। उक्त नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ को प्रस्तावनामा "...नेपालमा आयात हुने ट्याक्टर, पावर ट्रिलर, डोजर, क्रेन, रोलर, एस्काभेटरबाहेकका सवारी साधनहरूका लागि देहायबमोजिमको नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ (यूरो -३ समानस्तर) लागू हुने गरी तोकेको छ" भन्ने व्यहोरा उल्लेख भएको तथा विपक्षी वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयसमेतको लिखित जवाफमा ती मापदण्डहरू तत्काल लागू हुने गरी जारी भएका हुन् भन्ने उल्लेख भएको पाइयो। स्वयम् निवेदकहरूले रिट निवेदनको प्रकरण नं. ८ मा ती मापदण्डहरू लागू भैसकेको कुरा स्वीकार गरेको देखिन्छ। पुन: उक्त युरो ३ समानस्तरको मापदण्ड लागू गर्दा आइपर्ने समस्यालाई सम्बोधन गर्न

भनी विपक्षी वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयले विपक्षी अटोमोबाइल डिलर्स एसोसिएसनको प्रतिनिधिसमेत सदस्य रहने गरी सहजीकरण समिति गठन गरेकाले ती मापदण्डहरू लागू नगर्ने सम्भावना भएको भनी आशङ्का व्यक्त गरेको देखियो । यसरी निवेदकहरू आफैँले मापदण्डहरू लागू भैसकेको कुरा स्वीकार गर्नुका अलावा लागू नहुने आशङ्का व्यक्त गरेको निवेदन व्यहोरा स्वयम्मा विरोधाभाषयुक्त रहेको देखिन्छ । तथापि निवेदकको निवेदन लेखबाटै उक्त समिति उल्लिखित मापदण्डहरू लागू गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गर्ने अधिकारसहित गठन भएको भन्ने नदेखिइ मापदण्ड कार्यान्वयन गर्ने क्रममा आइपर्ने समस्याहरू पहिचानसम्मको कार्य गर्ने गरी गठन भएको देखियो । यसप्रकार मिति २०६९।४।२९ को नेपाल राजपत्रमा प्रकाशित सूचनाबाट जारी भएका मापदण्ड लागू भएको एक महिना पनि व्यतित नहुँदै ती मापदण्ड कार्यान्वयनको प्रारम्भिक चरणमा नै रहेको अवस्थामा लागू नहुने आशङ्का व्यक्त गरी मिति २०६९।५।२१ मा दायर भएको प्रस्तुत रिट निवेदन तथ्यपरक भन्दा हतारमा अनावश्यक भावनात्मक आधार लिई दायर भएको देखिन आउने।

उल्लिखित आधार कारणहरूबाट निवेदन दाबीमा उल्लेख भएका नेपाल सरकारबाट जारी भएका मापदण्डहरू तत्काल लागू हुने गरी जारी भएको भन्ने विपक्षी निकायहरूको लिखित जवाफ व्यहोराबाट देखिएको र ती मापदण्ड लागू भै कार्यान्वयनको प्रारम्भिक चरणमा नै रहेको अवस्थामा तथ्यपरकभन्दा भावनात्मक कुरा उल्लेख गरी हतारमा दायर भएको प्रस्तुत रिट निवेदनमा मागबमोजिमको आदेश जारी हुन सक्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। रिट निवेदन खारेज हुने ठहरेकाले मिति २०६९।६।९ मा जारी भएको अन्तरिम आदेश आदेश स्वत: निष्क्रिय हुने।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली
कम्प्युटर : सबिना अधिकारी
इति संवत् २०७२ साल जेठ २१ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-०५८५, ०२८३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हर्कबहादुर वि.क., हर्कबहादुर विश्वकर्मा वि. नेपाल सरकार*

बिरामी भएकी मृतक गंगा वि.क.ले औषधि नखाएकीले उसै मौकामा तत्काल उठेको रीस प्रतिवादीले थाम्न नसकी मुक्काले हिर्काई धकेलिदिएको कारणबाट भित्तामा टाउको ठोक्किन गई सोही चोट पीरबाट गंगा वि.क.को मृत्यु भएको अवस्था मिसिल संलग्न प्रमाणबाट देखियो। मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. ले परिभाषित गरेको ज्यान मार्नको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवि पनि रहेनछ, लुकी चोरी हानेको पनि रहेनछ, उसै मौकामा कुनै कुरामा उठेको रिस थाम्न नसकी मुक्काले हानी धकेली दिएको कारणले भित्तामा ठोक्किन गई सोही चोट पीरले गंगा वि.क.को मृत्यु भएको देखिँदा प्रस्तुत कसुर अपराध मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. ले परिभाषित गरेको आवेशप्रेरित हत्याको कसुरअन्तर्गतको अपराध भएको देखिएकाले प्रतिवादी हर्कबहादुर वि.क. लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने ठहऱ्याएको सुरू गुल्मी जिल्ला अदालतको मिति २०६७।३।२७ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।१।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक

वादी नेपाल सरकार र प्रतिवादी हर्कबहादुर वि.क. को पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल असार ९ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-RC-०१४२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बहादुर रोकामगर*

प्रतिवादीले मृतकलाई कुनै धारिलो हतियारको प्रहार गरी मृतकलाई मार्ने पूर्वयोजना बनाई सोअनुरूप तयारी गरी सुनियोजितरूपमा कर्तव्य गरी मारेको नभई प्रतिवादी बहादुर रोकामगर र पले थापाबीच वादविवाद भइरहेको अवस्थामा तेस्रो व्यक्तिका रूपमा आएका मृतक खड्के नेपालीले पक्षपातपूर्ण समझदारी गराई दण्ड तिराएको भनेकाले झापड र लात्ती प्रहार गर्दा मृतकको मृत्यु हुन गएको देखिन्छ। वारदात समयमा रक्सीसमेत सेवन गरेका प्रतिवादी बहादुर रोकामगरले निज मृतककै कारणबाट उठेको रिस सहन नसकी हानेको प्रहारबाट खड्के नेपालीको मृत्यु हुन गएको अवस्था छ। यसका अलावा प्रतिवादी र मृतकबीच ज्यानै लिनुपर्नेसम्मको पूर्व रिस इवीसमेत रहे भएको देखिँदैन। मुलुकी ऐन, अ.बं. १८८ नं. मा अपराध गर्दाको अवस्था विचार गर्दा कसुरदारलाई ऐनबमोजिम सजाय गर्दा चर्को हुने भै घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले हुने सजायमा घटाई तोक्न सकिने व्यवस्था रहेको देखिँदा निज प्रतिवादी बहादुर रोकामगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरदार ठहऱ्याई जन्म कैद गरी अ.बं. १८८ नं. बमोजिम ५ (पाँच) वर्ष कैद हुने भनी जाजरकोट जिल्ला अदालतको राय सदर गरेको पुनरावेदन अदालतको रायसमेत मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: मीना गुरूङ

कम्प्युटर: सन्तोष अवाल, मन्दिरा रानाभाट

इति संवत् २०७२ साल असार ११ गते रोज ६ शुभम्।

६

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-०६८३, कर्तव्य ज्यान, *करनसिंह महरा, वि. नेपाल सरकार*

सजाय कम गर्नु वा घटाउने कार्य मनोगत नभई वस्तुगत हुनुपर्छ। सजाय कम हुनु पर्ने हो होइन भन्नलाई मुद्दामा वर्णित तथ्यलाई विचार गर्नु पर्ने हुन्छ। मुद्दाको तथ्यबाट नै सजाय गर्दा चर्को हुने जस्तो देखिने अवस्थामा अ.बं. १८८ नं. को प्रयोग गरी सजाय कम गर्नु पर्ने हुन्छ। मूलतः सजाय कम गर्न सकिने आधार र सजाय कम गर्न नहुने आधार गरी दुई किसिमका आधारहरू हुन्छन्। कहिलेकाहीँ एउटै आधारबाट हुने सजाय कम गर्नु पर्ने हो होइन भनी यकिन गर्न सकिन्छ भने कहिलेकाहीँ दुई वा दुईभन्दा बढी आधारको जरूरत पर्ने पनि हुन्छ। कुनै अवस्थामा एकमात्र आधार सजाय कम गर्न पर्याप्त हुन्छ भने कुनै अवस्थामा एकभन्दा बढी आधार भए पनि सजाय कम गर्न पर्याप्त नहुन पनि सक्छ। सजाय कम गर्न नहुने प्रकृतिको आधारमा अपराध पूरा सोच विचार गरी दुराशयसाथ पूरा तयारी गरी भएको, क्रुरतापूर्वक गरिएको, यातना दिई गरिएको जस्ता हत्यामा कुनै एउटा मात्रै आधार पनि सजाय कम नगर्न पर्याप्त आधार हुन सक्छ। क्रुरताको पराकाष्ठाजन्य अपराध देखिने कुनै एउटामात्र आधार भएमा अरू जतिसुकै सजाय कम गर्ने आधार भएपनि सजाय कम गर्नु उचित हुँदैन। त्यस्तै गरी सजाय कम गर्न सकिने आधारहरू पनि मुद्दाको रोहमा देखिन सक्छ। अ.बं. १८८ नं. अनुरूप सजाय कम गर्न लिन सकिने आधारहरू जस्तो

अपराधी आफैँ पीडित पनि हुनु, आफू निकै प्रतारणमा रहेकामा उन्मुक्ति पाउन अपराध गर्न पुग्नु, अपराध गर्दा नतिजा बुझ्न नसक्ने अवस्थामा हुनु, अचानक अपराध हुने परिस्थिति हुन पुग्नु, अपराध घटित हुँदा मनस्थिति अशान्त हुनु, क्षणिक आवेगमा आई अपराध भएको तर जोखिमी हतियारको प्रयोग हुनु, पश्चात्तापको भाव आउनु, कलिलै उमेर हुनु, अनुसन्धान र अदालतलाई सहयोग गर्नु इत्यादि हुन सक्ने।

मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कम सजाय गर्दा माथि उल्लेख भएका विभिन्न आधारहरूमध्ये के कस्ता आधारहरू छन् भन्ने कुरा वस्तुगतरूपमा देखिनु पर्छ । मिसिलबाट देखिएको तथ्यलाई एकातर्फ पन्छाएर न्यायकर्तालाई चित्तमा लागेको भन्ने मात्रै आधारमा सजाय कम गर्न मिल्दैन। न्यायकर्ताले कानूनबमोजिम निर्धारण भएको सजायलाई कम गर्दा सजाय कम हुनुपर्ने आधार र कारणहरूको विश्लेषण गरी निष्कर्षमा पुग्नु पर्ने।

पुनरावेदक प्रतिवादी करनसिंह महराले मृतक मीनादेवी महरालाई मार्ने नियतले वारदातस्थलदेखि १-१½ घण्टा समय लाग्ने टाढा रहेको आफ्नो घरबाट साईकलमा आई मृतकले मासु काटिरहेको अवस्थामा मृतकसँगै रहेको छुरी खोसी लिई सोही छुरीले मृतकको छातीमा प्रहार गरी छुरी मृतककै शरीरमा रोपिएकै अवस्थामा छाडी भागी गएको देखिन्छ । मृतकलाई छुरी प्रहार गरेपश्चात् आफ्नी पत्नी मृतकलाई बचाउनेतर्फ यी पुनरावेदक प्रतिवादीले कुनै कर्तव्य पूरा गरेको पाइँदैन । मृतकलाई मारेको सम्बन्धमा पुनरावेदक प्रतिवादीले पश्चात्तापको भाव राखेको पनि देखिँदैन । मृतकलाई नियतवस, क्रुरतापूर्वक हत्या गरिएको मिसिलबाट देखिन्छ । कसुरमा साबित भई स्वीकार गरेकाले अनुसन्धान र अदालतलाई सहयोग गरेको हो कि त भनी विचार गर्दा फगत साबिती बयानमात्रले अदालतलाई सहयोग गरेको भन्न मिल्दैन। अन्यथा, ज्यानसम्बन्धी महलको १३(१) नं. ले सर्वस्वसहित जन्मकैदको सजाय निर्धारित गरेको दण्डनीतिलाई नियतपूर्वक ज्यान मार्नेले साबित हुँदै आफ्नो सजाय कम पार्न उक्त कानूनको मर्मलाई छल्न सक्ने हुनपुग्छ । वस्तुतः अनुसन्धान र अदालतलाई सहयोग भन्नुको तात्पर्य अपराधलाई रोक्ने वा अरू अपराधीलाई समाउन मद्दत गर्ने जस्ता सहयोगी कार्य हुनुपर्छ । न कि आफ्नो सजाय घटाउनेसम्मको प्रयोजनलाई हो । तसर्थ, प्रस्तुत मुद्दामा मृतकलाई क्रुरतापूर्वक हत्या गरेको, पश्चात्को भाव पनि नभएको, अपराध भइसकेपछि मर्न थालेकी पत्नीलाई उपचार गराउनेतर्फ पनि नलागेको यस अवस्थामा फगत आफू साबित हुनुलाई अनुसन्धान वा अदालतलाई सहयोग गरेको भन्न नमिल्ने हुँदा अ.बं.१८८ नं. अनुरूप सजायबाट कमी वा छुट दिन न्यायको रोहमा मिल्ने नदेखिने।

प्रतिवादी करनसिंह महराले आफ्नै श्रीमती मीनादेवी महरालाई छुरी रोपी कर्तव्य गरी मारेको पुष्टि भएकाले अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको कञ्चनपुर जिल्ला अदालतको फैसला साधक सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६७।३।१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७२ साल जेठ २५ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-RC-०००६, कर्तव्य ज्यान, *नेपाल सरकार वि.बुद्धिराम दराई*

मृतक र प्रतिवादीबीच सामान्य मनमुटाव रहे तापनि ज्यानै लिनु पर्नेसम्मको रिसइवी रहे भएको पनि देखिँदैन । उपर्युक्त परिस्थितिको परिणामस्वरूप प्रस्तुत वारदात घटेको तथ्यलाई यस अदालतले नजरअन्दाज गर्न सक्दैन । कसुर र सजायमा तादाम्यता हुनु आवश्यक हुन्छ । यही कुरालाई अ.बं. १८८ नं. ले सम्बोधन गरेको देखिन्छ । यस्तो स्थितिमा प्रतिवादी बुद्धिराम दराईलाई अभियोग दाबीअनुरूप सर्वस्वसहित जन्म कैद गर्दा चर्को पर्ने हुँदा निजलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको सजाय ठहर गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १२ (बाह्र) हुनु उपयुक्त देखिन आयो । तसर्थ प्रतिवादी बुद्धिराम दराईलाई कैद वर्ष १२ (बाह्र) हुने ।

इजलास अधिकृत: मीना गुरूङ

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल चैत १३ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-WO-०६७१, उत्प्रेषण / परमादेश, *जुमराती साफी, वि. पवन कुमार मिश्रसमेत*

निवदेकले धनुषा जिल्ला, बहुर्अवा गा.वि.स. वडा नं. ४ को १९८३ सालको सर्भे नापिमा मालपोत मिन्हा भएको २०२६ सालको सर्भे नापिका गाउँ ब्लकमा परेको कित्ता नं. २८ को ज.वि. २-१-१३ मध्ये पर्ने सार्वजनिक पोखरीको डिलदेखि उत्तर, इनुस साफीदेखि पश्चिम, सोवराती साफीदेखि दक्षिण, जुमराती साफीदेखि पूर्व यति ४ किल्लाभित्रको पूर्वपश्चिम उत्तर मुख ३३ फिट, दक्षिण ३३ फिट, उत्तर दक्षिणपूर्व मुख २० फिट तथा पश्चिम मुख २० फिटभित्रको स्वबासी घर १ को चलन चल्तीको मोल रू.३००,०००।- भएको मेरो हक भोगको स्वबासी घर जग्गाबाट विपक्षीको बिगो भराई पाउँ भनी निवदेन माग गरेको पाइन्छ । उल्लिखित घरजग्गाको स्वामित्वको प्रमाणको रूपमा बहुअर्वा गा.वि.स.बाट मिति २०६८।१०।२९ मा भएको सर्जमिन मुचुल्का र सोही गा.वि.स.को सिफारिस मात्र पेस गरेको पाइन्छ । निवदेकले पेस गरेको यस प्रकारको प्रमाणबाट उल्लिखित घर जग्गामा निवेदकको नाउँमा दर्ता भई स्रेस्ता कायम भएको देखिन आएन । निवेदकले हक भोगमा रहेको भनिएको जग्गाको स्वामित्व पुष्टि हुने प्रकृतिको ठोस सबुद प्रमाण पेस हुन सकेको मिसिलबाट देखिँदैन । स्वामित्व पुष्टि हुने ठोस र विवादरहित प्रमाण पेस हुन नसकेको अवस्थाको घर जग्गा लिलाम गरी विपक्षीले बिगो भराई लिन पाउने अवस्था देखिन नआएकाले निवेदकले बिगो दाखिला नगरेमा कैदमा राखी बिगो असुल गर्नु भनी मिति २०६८।५।९ मा धनुषा जिल्ला अदालतको आदेशलाई कानूनबमोजिम गर्नु भनी भएको पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६८।९।२८ मा भएको आदेशबाट निवेदकको कुनै संविधान तथा कानून प्रदत्त हक अधिकारमा प्रतिकूल आघात परेको भन्न नसकिने ।

निवेदकले आफ्नो हक भोग र स्वामित्वको ठोस प्रमाण पेस गर्न नसकेको घर जग्गाबाट पवनकुमार मिश्रको बिगो भराई लिन पाउने अवस्था नदेखिएकाले निवदेकले मागबमोजिमको आदेश जारी गर्नु परेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : लोकनाथ पराजुली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७२ साल असार ३ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CI-११७५, मोही नामसारी प्रमाणपत्र, *बिकाउ बैठा धोबी वि. बिजय प्रकाश नारायण सिंह*

भूमिसुधार कार्यालय, महोत्तरीमा वादी खेहरू बैठा धोबी र प्रतिवादी बिजयप्रकाश नारायण सिंहबीच वादी दाबी छाडी मिलापत्र भएको हो होइन भन्ने सम्बन्धमा विचार गर्दा प्रतिवादीले सो मिलापत्रको प्रमाणित प्रतिलिपि पेस गरेको देखिन्छ । उक्त मिलापत्र भएको सक्कल मिसिल भूमिसुधार कार्यालय, महोत्तरीमा बुझ्दा उक्त मिलापत्र भएको मिसिल नै बाढीबाट भिजी सडीगली नष्ट भएको भन्ने भूमिसुधार कार्यालय, महोत्तरीका तामेली फाँटको मिति २०६६।८।१२ को जवाफमा उल्लेख भएको देखियो। मिलापत्र भएको सक्कल मिसिल प्राप्त नभए तापनि उक्त मिलापत्रका सम्बन्धमा भूमिसुधार कार्यालय, महोत्तरीमा रहेको राय किताब बुझेकामा वादी खेहरू बैठा धोबी र प्रतिवादी विजयप्रकाश नारायण सिंहबीच मिति २०३९।२।२६ गते मिलापत्र भएको कुरा उल्लेख भएको तथ्यमा विवाद रहेको देखिँदैन । अधिकारप्राप्त निकायमा रहेको राय किताबमा उल्लेख भएको मिलापत्र कानूनसम्मत भएको भनी मान्नु पर्ने हुन्छ । प्रतिवादीबाट पेस भएको मिलापत्रको उक्त प्रमाणित नक्कललाई वादीले जालसाझी वा अन्यथा हो भनी दाबी लिन सकेको अवस्था पनि छैन। कुनै पनि मुद्दाको मिसिल हराउनु, नष्ट हुनु वा गायब हुनुले उक्त मुद्दाबाट संरक्षित भएको पक्षको हक अधिकार स्वतः लोप हुन वा निष्प्रभावी हुन सक्दैन । प्रतिवादीले पेस गरेको मिलापत्रको प्रमाणित नक्कल दाबीकै जग्गाको भएको देखिएबाट उक्त मिलापत्रमा भएको व्यहोरालाई प्रमाणमा लिन मिल्ने नै हुन्छ । यसरी जुन जग्गामा वादीको पिता मोही रहेको भनी दाबी गरिएको छ, सो जग्गामा नै वादीको पिताले जग्गाधनीसँग दाबी छाडी मिलापत्र गरेको अवस्था रहेको र उक्त मिलापत्र विरूद्ध कुनै उजुर नालेस पर्न नसेककोसमेत हुँदा उक्त जग्गामा पुनरावेदक वादीको पिता खेहरू बैठाको मोहियानी हक कायम रहिरहेको भनी मान्न मिल्ने नदेखिने।

पिता खेहरू बैठा धोबी दाबीको जग्गाको मोही कायम रहेको अवस्थामा मात्र पिताको परलोकपछि नामसारी गराउन पाउने हक निजको छोरा वादीमा रहने हो। दाबीको जग्गामा वादीको पिता खेहरू बैठा धोबीले प्रतिवादी जग्गाधनीसँग मिति २०३९।२।२६ मा नै मोहीयानी हकको दाबी छाडी गरेको मिलापत्रबाट दाबीको जग्गामा वादीको पिताको मोहीहक टुटिसकेको अवस्था छ । पिताले नै मोहीहक छाडी मिलापत्र गरिसकेको अवस्थामा छोरालाई मोही नामसारीको लागि उजुर गर्न पाउने हक भएको र निज मोहीको शेषपछि निजका छोरामा नामसारी हुन सक्ने भनी मान्न मिल्ने देखिँदैन। मोही हक कायम भएको अवस्थामा मात्र साबिक मोहीको हकवालाले मोही नामसारी गर्न पाउने भएको हुँदा आफ्नो पिताको नै मोही हक टुटिसकेको अवस्थामा निजको शेषपश्चात् छोराले पुनः मोही हकको प्रमाणपत्र पाउने कुरा कानूनसम्मत रहेको नदेखिने।

उपर्युक्त विवेचित आधार कारणहरूबाट वादी दाबीअनुसार मोहीयानी हक नामसारी गरी प्रमाणपत्र पाउने ठहर्‍याई भएको भूमिसुधार कार्यालय, महोत्तरीको निर्णय उल्टी गरी पुनरावेदन अदालत, जनकपुरबाट भएको मिति २०६९।८।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मीना गुरूङ

इति संवत् २०७२ साल साउन २२ गते रोज ६ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-WO-०८५७,

उत्प्रेषण / परमादेश, *तुलसी दास चौधरी वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरसमेत*

२०६७।५।११ मा सुरू बढुवा नामावली प्रकाशित हुँदा निवेदकको नाम सफल ६ उम्मेदवारभित्र पर्न सकेको पाइँदैन। सुरू प्रकाशनमा जुन स्थिति थियो त्यसमा पुनरावलोकन निर्णयले कुनै हस्तक्षेप गरेको वा हेरफेर गरेको देखिँदैन। सुरू निर्णयबाटै निवेदक बढुवा पाउनका लागि अयोग्य देखिनु भएपछि त्यसमा उल्लिखित ३५ दिनको हदम्यादभित्र निवेदकले उक्त नामावलीको पुनरावलोकनको लागि उजुर दिनु पर्नेमा सो नदिई दुवै निर्णय बदरको लागि निवेदकले यो रिट निवेदन दिनु भएकै मिलेको छैन। कानूनले सक्षम र प्रभावकारी वैकल्पिक उपचारको व्यवस्था गरेको कुरामा रिट निवेदन लाग्न सक्तैन। वैकल्पिक उपचार देखावटी वा अपर्याप्त रहेको अवस्थामा अपवादस्वरूप रिट निवेदन नलाग्ने होइन तर प्रस्तुत विवादमा त्यस्तो अवस्था विद्यमान छैन। रिट उपचारले कानूनले तोकेको हदम्यादलाई नजरअन्दाज वा विस्थापित नगर्ने।

कानूनले तोकेको हदम्यादभित्र निवेदकले वैकल्पिक उपचारको अवलम्बन गर्न नसकेको समेतको माथि उल्लिखित आधार कारणबाट २०६७।५।११ को बढुवा नतिजा तथा २०६७।९।२८ को पुनरावलोकन निर्णय बदर गरिपाउँ भन्ने निवेदकको मागबमोजिम उत्प्रेषण र परमादेशको आदेश जारी हुन सक्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कृष्णप्रसाद पौडेल

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७१ साल माघ २७ गते रोज ३ शुभम्।

- ०६७-WO-०८५६, उत्प्रेषण / परमादेश, नारायण मण्डल वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरसमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-१२०२, उत्प्रेषण, *काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० नयाँ बानेश्वरस्थित नेपाल बङ्गलादेश बैङ्क लि. केन्द्रीय कार्यालयको तर्फबाट अख्तिरप्राप्त ज्ञानेन्द्रप्रसाद ढुङ्गाना वि. आन्तरिक राजश्व कार्यालय, ललितपुरसमेत*

आयकर ऐन, २०५८ दफा १०४ को कानूनी व्यवस्थाले हरिसिद्धि इँट्टा तथा टायल कारखाना लिमिटेडको आ.व. २०४९/०५०, आ.व. २०५९/०६०, आ.व. २०६१/०६२ र आ.व. २०६३/०६४ को आयकर बक्यौता तथा जरिवानासमेत गरी रू.१,३२,४९,६४०।८३ कर निर्धारण भएको त्यसैगरी मु.अ. करतर्फ आ.व. २०६३।०६४ मा नपाउने कर कट्टी दाबी गरेको देखिएकाले पूर्णकर परीक्षण गरी मिति २०६७।१०।२३ गते मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० अनुसार रू. ३,४९,४३१।- दाखिला गर्ने गरी कर निर्धारण भएको र करदाता उक्त कर निर्धारणउपर पुनरावलोकन तथा पुनरावेदन नपरेको भन्ने देखिन आएको अवस्थामा कर असुली प्रयोजनको लागि निवेदनमा उल्लिखित कित्ताका जग्गाहरू रोक्का राखेको कार्यलाई कानूनविपरीतको कार्य मान्न नमिल्ने हुँदा निवेदकको मागबमोजिम रिट जारी गर्न मिलेन प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल फागुन १२ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CI-०१७१, ०१७७, बन्डा

बदर अंश दर्ता, *तेजनारायण सिंहसमेत वि. जगन्नाथ प्रसाद सिंहको मु.स. गर्ने राजेशकुमार सिंह, सुरेशप्रसाद सिंहसमेत वि. जगन्नाथ प्रसाद सिंह*

अंश हकको जग्गा छुट्टिई सकेपछि जग्गामा तेरो मेरो भएको अवस्थामा मात्र लागू हुन सक्छ तर शुद्ध अंशको दाबीमा सो कानून लागू हुने आधार देखिँदैन । जहाँ हक छुट्टिइसकेको हुँदैन त्यस्तोमा यो दाबी प्रयोग गर्न मिल्दैन र २०२० सालको अंशको लिखतलाई विधिवत् तवरबाट बदर गराउन नसकेको अवस्थामा अंशहकको नाममा जस्तो मिल्नै नसक्ने कानूनी उपचार खोज्नु न्यायसम्मत हुन सक्तैन । प्रतिवादीहरूबीचमा अंश लिनुदिनु गरेको २०२०।४।२९ मा रजिस्ट्रेसन पारित लिखितलाई अन्यथा गरी वादीलाई अंश दिलाउन सक्ने अवस्था नदेखिने ।

विपक्षीहरूबीचमा अंशबन्डा भएको लगभग ४२ वर्षपछि यी वादीलाई सो दर्ता बदर गराई पाउन मागदाबी लिन हदम्यादसम्बन्धी कानूनले सुविधा प्रदान गरेको नदेखिने ।

यसरी उल्लिखित हदम्यादसम्बन्धी तत्काल प्रचलनमा रहेको र हाल विद्यमान मुलुकी ऐन, जग्गा मिच्नेको महलमा भएको कानूनी व्यवस्थाबाट प्रतिवादीहरूबीचको अशबन्डाको आधारमा भएको दर्ता बदरको मागदाबी लिई दायर भएको फिराद हदम्यादविहीनसमेत देखिने ।

प्रतिवादीका बीच भएको मिति २०२०।४।२९ को बन्डापत्र वादीले पाउने अंश भागसम्म बदर गरी २ भागको १ भाग अंश छुट्ट्याई वादीले दर्ता गराई लिन पाउने ठहर गरी महोत्तरी जिल्ला अदालतबाट मिति २०६५।३।१९ मा भएको फैसला सदर गर्ने पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।१।२८ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादी प्रतिवादीहरूबीचमा अशबन्डा नभएकाले प्रतिवादीहरूबाट अंश पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७१ साल पुस २५ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-०१७१, ०२२६, परमादेश, *यशुदाकुमारी बराल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

संविधानद्वारा प्रदत्त मौलिक हकहरू यस अदालतबाट क्रियाशील बनाई नागरिकले प्रचलन गर्न सक्ने अवस्था सिर्जना गर्न राज्यका निकायहरूलाई आदेश दिनु यस अदालतको संवैधानिक दायित्व र कर्तव्य नै भएकाले, प्रत्यर्थीहरू नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतका नाउँमा, नेपाली नागरिकलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८(१) र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ६ बमोजिम रोजगारीको अधिकारको पूर्ण सुनिश्चितता हुने गरी रोजगारीको हक कार्यान्वयन गर्न आवश्यक पर्ने विधेयक यो आदेश प्राप्त भएको मितिले एकवर्षभित्र व्यवस्थापिका संसद्समक्ष पेस गर्नु भनी यस अदालतबाट मिति २०६५।९।२३।४ मा निवेदक प्रेमबहादुर खड्कासमेत विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिहंदरबारसमेत भएको रिट.नं. ०६४–WO–०७१९ को परमादेश मुद्दामा रोजगारीको हकसम्बन्धमा विभिन्न सात बुँदे देहायबमोजिमका निर्देशनात्मक आदेश जारी भएको पाइने ।

१. रोजगारीसम्बन्धी राष्ट्रिय रणनीति तयार गर्ने ।
२. औपचारिक एवम् अनौपचारिक क्षेत्रलाई समेत

समेट्ने गरी धर्म, वर्ण लिङ्ग, जातजाति, समेतका आधारमा भेदभाव हटाउने र परम्परागत रूपमा पिछडिएका वर्गको उचित प्रतिनिधित्व सुनिश्चित गरी समावेशीको सिद्धान्तलाई आत्मसात गर्ने ।

३. रोजगारसम्बन्धी नीतिगत मार्गनिर्देश गर्ने संयन्त्र खडा गर्ने ।

४. त्यस्तो संयन्त्रमा सरकारी क्षेत्रका अतिरिक्त निजी क्षेत्र, श्रम तथा रोजगार विशेषज्ञ, ट्रेड युनियन र महिलालगायतको प्रतिनिधित्व हुने व्यवस्था मिलाउने ।

५. रोजगारीसम्बन्धी कानूनअन्तर्गतको उजुरी सुन्ने न्यायिक संयन्त्रको व्यवस्था गर्ने ।

६. राष्ट्रिय बजेट विनियोजन गर्दा नागरिकको रोजगारीको हकसम्बन्धी रणनीतिलाई सम्बोधन गर्ने कानूनी कर्तव्य किटान गर्ने ।

७. रोजगारमूलक शिक्षासम्बन्धी आवश्यक प्राविधिक एवम् व्यावसायिक शिक्षा तथा तालिमको व्यवस्था गरी त्यसको जनसाधारणमा सहज पहुँचको व्यवस्था मिलाउने ।

यस अदालतबाट जारी भएको उल्लिखित निर्देशनात्मक आदेश हालसम्म कार्यान्वयन भएको भन्ने देखिन आएन । यसरी कार्यान्वयन हुन नसक्नु शोभनीय मान्न नसकिने ।

रिट नं. ०६४–WO–०७१९ को परमादेश मुद्दामा जारी भएको सात बुँदे निर्देशनात्मक आदेशसमेतलाई मध्यनजर गरी संविधानको धारा १८ (१) र (२) को व्यवस्थाबमोजिम कानून बनाउने प्रक्रियामा विपक्षीको उदासिनता देखिँदा निवेदकको निवेदनलाई समेत सम्बोधन हुने गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी नेपाल पक्ष भएका सन्धि सम्झौता, सम्मिलनसमेतलाई ध्यान दिई अविलम्ब विधेयक पेस गर्ने व्यवस्था गर्नु भनी विपक्षी कानून न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालयका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल चैत १९ रोज ५ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-CI-०५६३, अंश, *ठगी रानासमेत वि. कृष्ण राना*

कि.नं.१०७ र १०८ का जग्गाको हकमा हेर्दा उक्त जग्गाहरू प्रस्तुत मुद्दाको फिराद पर्नुपूर्व नै अन्य व्यक्तिका नाममा हक हस्तान्तरण भई गैसकेको देखिएको र उक्त लिखतहरू बदर नभएको अवस्थामा विभिन्न व्यक्तिका नाममा हस्तान्तरण भएका जग्गाहरूलाई अंश मुद्दा परेपछि हाल आएर सगोलको मानी बन्डा गर्न नमिल्ने हुँदा कि.नं. १०७ र १०८ को जग्गाबाहेक गरी बाँकी सम्पत्तिबाट बन्डा लाग्ने गरी कि.नं. १०७ र १०८ को जग्गाबाहेक सम्पूर्ण सम्पत्तिलाई ३ भाग लगाई ३ भागको १ भागबाट पुन: ५ भाग लगाई सोको १ भाग वादीले अंशबापत पाउने अवस्था विद्यमान रहेकाले सोबमोजिम वादी अंश पाउने ठहर्‍याई पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०७१।३।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल जेठ ८ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०२०६, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. अन्सार साई*

फौजदारी कसुरमा आपराधिक मनसाय बिना गरिएको कार्यलाई आपराधिक कार्य मान्न मिल्ने नदेखिँदा पीडक प्रतिवादी मो. अन्सार साईको साथमा लागी आफ्नो स्वेच्छाले भारत दिल्लीतर्फ गएका पीडित मोनु र सोनु मो. अन्सारको सँग साथमा सँगै काम गरी बसेका कारणले मात्र प्रतिवादीको उपर्युक्त कार्यलाई मानव बेचबिखन जस्तो आपराधिक कार्यको श्रेणीमा राख्न न्यायोचित हुने नदेखिने।

बालसुलभ कौतुहलका कारण घर छाडी भागेका बालकमध्ये कोही घर फर्किने र कोही घर नफर्किएकै कारण त्यसलाई बेचबिखन अपराधको कसुर नामाकरण गर्न नमिल्ने नदेखिने।

बेचबिखनको शङ्कासम्म रहे भएको अवस्था विद्यमान भएको भए तत्कालै बालक खोजबिनको लागि सूचना र शङ्कास्पद व्यक्तिउपर जाहेरी दिनु पर्नेमा घटना भएको ४ वर्षसम्म जाहेरी परेको पाइँदैन । यस्तो अवस्थामा ४ वर्षपश्चात् घर फर्की आएका नाबालकलाई घर परिवारका बुज्रुक सदस्यले सिकाई घटनासम्बन्धी बयान गराउन सक्ने अवस्था रहेको हुँदा पीडित बालकको प्रमाणित बयानलाई अकाट्य प्रमाण मान्न मिल्ने देखिएन। मानव बेचबिखन जस्तो गम्भीर कसुरमा अभियोग दाबी समर्थित हुने अन्य स्वतन्त्र सबुत प्रमाणको अभावमा सुरू फैसला उल्टी गर्ने पुनरावेदन अदालत, नेपालगञ्जको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः चन्द्रप्रकाश तिवारी

इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम्।

## इजलास नं. ७

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-०६८०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रञ्जितकुमार लोहार*

कर्तव्य ज्यानको वारदातमा वादीले मृतकको हत्या गर्नु पर्ने सन्तोषजनक कारण दिनु पर्ने नदिएमा प्रतिवादी कसुरदार नठहरिने भन्ने कुनै कानून वा विधिशास्त्र छैन तर प्रतिवादीको कसुर निर्विवाद र शङ्कारहित प्रमाणबाट प्रमाणित गर्नु पर्ने दायित्व निश्चितरूपमा वादीमा रहेको हुन्छ । यद्यपि यसको पर्याप्तता वा अपर्याप्तता प्रत्येक मुद्दाको तथ्यमा भर पर्छ । कतिपय मुद्दामा वादीलाई जे जति प्रमाण र तथ्यको जानकारी वा उपलब्धता छ त्यति मात्र पेस गरे पुग्ने अवस्था रहन्छ भने कतिपय मुद्दामा त्यसबाट काम नचल्ने अवस्था पनि रहन्छ । वादीको जानकारीमा आएको सीमित तथ्यले प्रतिवादीको संलग्नता देखाएको अवस्थामा त्यसलाई स्पष्ट प्रमाण आदि पेस गरी खण्डन गर्नु पर्ने दायित्व प्रतिवादीमा रहन्छ। सो नगरी कसुर प्रमाणित गर्नु पर्ने भार वादीमा छ भनी न्याय सम्पादनमा कुनै सहयोग नगरी मुद्दालाई जटिल र रहस्यमय बनाउने काम गर्ने प्रतिवादी विरूद्ध प्रतिकूल निष्कर्ष निकाल्नु पर्ने अवस्था उत्पन्न हुन सक्ने।

अपराध गरेपछि प्रतिवादी फरार हुनु भनेको सामान्य कुरा होइन। मृतकको हत्या लगत्तै प्रतिवादी लामो कालसम्म फरार भएको कुरा र निजको झुट्ठा अन्यत्रावस्थाको जिकिरले प्रस्तुत मुद्दामा कुनै प्रामाणिक महत्त्व राख्दैन भन्न मिल्दैन । यसलाई फौजदारी कसुरको निरूपणको सम्बन्धमा प्रतिवादी विरूद्धको सशक्त प्रमाण नै मानिन्छ। अपराध गरेपछिको अपराधीको मानसिक सोचाई र विचार अपराध गर्नुपूर्वकै

अवस्थामा रहन सक्तैन । अपराध गरेपछि अपराधको प्रकृति, अपराधीको उमेर र मानसिक स्तरअनुरूप अपराधीको बाहिरी व्यवहार र क्रियाकलापमा केही न केही परिवर्तन आउँछ । बिरलै अपराधीमात्र बाहिरबाट कसैले थाहा नपाउने गरी शान्त र स्वाभाविक देखिन सक्छन् तर भित्रभित्रै उनीहरू पनि ठूलै आँधी बेहरीबाट गुज्रन्छ। किशोर उमेरका अपराधीले हत्या जस्तो जघन्य अपराध गरेपछि त्यसबाट अत्यन्त प्रभावित भएर डरमा मारे उसबाट भाग्ने र बच्ने काम गर्नु स्वाभाविक नै हुने।

मृतकसँग प्रतिवादी २०६१।४।१९ सम्म देखिनु र त्यहाँदेखि निज ५ वर्षको लागि हराउनु र २०६१।४।२० को बिहान प्रतिवादीको घर नजिक हत्या गरी फालिएको मृतकको लास फेला पर्नू । यस अदालतसँग भएको विकल्पमा या त वादीका साक्षीहरू मुकेश, मानबहादुर र हरिप्रसाद चौलागाईंको कथनलाई सरासर अस्वीकार गर्नु या प्रतिवादीको कथनलाई अस्वीकार गर्नू । प्रतिवादीकै दीदीहरू र आमा बुबाले प्रतिवादी गोरखपुरमा गई काम गरी बसेको भनी समर्थन गरेको देखिँदैन । प्रतिवादीले गोरखपुरको व्यक्तिलाई साक्षी राख्न सकेको छैन । नाउँ गाउँ खुलाउन सकेको छैन । तपाइँको यस कुराको साक्षी प्रमाण के छ भन्ने प्रश्न नं. २९ मा मेरो साक्षी प्रमाण केही छैन भनी प्रतिवादीले जवाफ दिएको देखिन्छ । मृतकसँग २०६१।४।१९ को बेलुकीसम्म यी प्रतिवादी देखिनु, त्यसपछि बिना कारण फरार हुनु र वादीले प्रतिवादीले मृतकको हत्या गर्नु पर्ने कारणमा विवाहलगायतका कुराको रिसइवी रहेको देखाउनु तर प्रतिवादीबाट अपुष्ट तवरबाट अन्यत्रावस्थाबाहेक अरू कुनै कुरा पनि नआउनु र निजले सोधिएका प्रश्नहरूलाई थाहा छैन भनेरमात्र जवाफ दिनुबाट प्रतिवादीले दाबीको कसुर गरेको भनी निज विरूद्ध प्रतिकूल अनुमान निकाल्नु पर्ने देखिने।

प्रतिवादी रंजितकुमार लोहार विरूद्धको अभियोगदाबी पुग्न नसक्ने ठहराएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।९।९ को फैसला उल्टी भै प्रतिवादीले अभियोगदाबीको कसुर गरेको देखिँदा प्रतिवादी रंजितकुमार लोहारलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर्छ । वारदातको समयमा यी १४ वर्ष माथिको र १६ मुनिका देखिएकाले निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम १० वर्ष कैद हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल साउन १८ गते रोज २ शुभम्।

## इजलास नं.९

१

**मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-१३१८, बकसपत्र लिखत बदर दर्ता बदर, *गणेश साह वि. गीतादेवी*

प्रतिवादीमध्येका वीरेन्द्र साह नामको विवादित जग्गा निजको निजी आर्जनको नभई पैतृक सम्पत्तिबाट प्राप्त भएको र अंश लाग्ने प्रकृतिको जग्गा भएको अवस्थामा अन्य अंशियारको हकमा असर पर्ने गरी निजले सो जग्गा अर्का प्रतिवादी गणेश साहलाई बकस गरी हक हस्तान्तरण गर्दा अंशियारमध्येका एक्काइस वर्ष नाघेका श्रीमती, छोरा, अविवाहित छोरी र विधवा बुहारीको कानूनबमोजिम मन्जुरी लिनुपर्ने नै हुन्छ । प्रतिवादी वीरेन्द्र साहबाट बकस पास गरिदिएको उक्त विवादित जग्गा बकस पास गर्दा अन्य कुनै पनि अंशियारहरूको मन्जुरी नलिएको भन्ने वादीको फिरादपत्र तथा प्रतिवादी गणेश साहको प्रतिउत्तरपत्रसमेतबाट देखिएको छ । प्रस्तुत मुद्दाका

प्रतिवादी वीरेन्द्र साह र वादीहरूबीच अंशबन्डा भई छुट्टिई भिन्न भएको अवस्था नदेखिइ एकासगोलमै रहेको देखिएको र अंश जस्तो कुरामा व्यक्तिको नैसर्गिक अधिकार हुने हुँदा पैतृक सम्पत्तिको रूपमा प्राप्त जग्गाको हक हस्तान्तरण गर्नु पर्दा अंशियारहरूको मन्जुरी लिनु नै पर्ने ।

पैतृक सम्पत्तिको स्रोतबाट आफ्नो नाममा दर्ता कायम हुन आएको जग्गामध्येबाटै कित्ता काट गरी प्रतिवादीमध्येका वीरेन्द्र साहले अर्का प्रतिवादी गणेश साहलाई बकसपत्रको लिखतबाट हक हस्तान्तरण गरी दिएको हुँदा त्यस्तो कार्यलाई घर व्यवहार चलाउनको लागि भएको कार्य मान्न नमिल्ने भई कानुनबमोजिम मन्जुरी लिनुपर्ने व्यक्तिको मन्जुरी नै नलिई पारित भएको लिखतमध्ये गीता देवीको अंशभागसम्म बदर हुने सम्पत्ति देखिएकाले सोसम्म बदर हुने हुँदा पुनरावेदन अदालतको फैसला बदर गरिपाउँ भन्ने प्रतिवादी गणेश साहको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

उल्लिखित तथ्य प्रमाणको आधारमा ०-१-१० जग्गाको लिखत बदर गरेको हदसम्म सुरू सर्लाही जिल्ला अदालतको मिति २०६३।६।२९ को फैसला मिलेको नदेखिँदा सो हदसम्म सो फैसला उल्टी भई १० धुर जग्गासम्म वादी गीतादेवीको भागको लिखत बदर हुने ठहर्छ भनी भएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।८।१० को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७२ साल भदौ २८ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-०२३५, सार्वजनिक जग्गा खिचोला मिटाई चलन चलाई पाउँ, *अफसरून अन्सारीसमेत वि. सहिद हुसेन अन्सारी*

मिसिलमा रहेको सुरू बाँकै जिल्ला अदालतबाट भै आएको मिति २०६१।११।२७ को नक्सा मुचुल्काको न.नं. १४ मा रहेको इनार कुवादेखि पूर्वतर्फ प्रतिवादीको जग्गा रहेको भन्ने देखिन आएबाट प्रतिवादीको जग्गाभित्र उक्त इनार रहेको भन्ने देखिँदैन, साथै न.नं. १५ मा पकडियाको रूख रहेको देखिन्छ । नक्साबाट न.नं. १७, १८, १९, २०, २१, जग्गाहरू प्रतिवादीको भोग चलनमा रहेको जग्गा उक्त न.नं. १४ को जग्गाभन्दा पूर्वतर्फ रहेको भन्ने देखिन्छ । यसरी न.नं. १४ को जग्गा प्रतिवादीको बिटौरी नं. ७३३ र ७३४ को किल्लाभित्र पर्ने देखिन आउँदैन । नक्सा सर्जमिनबाट विवादित न.नं. ११, १२, १३, १४, १५, १६, र १६क का जगहरू प्रतिवादीको भोग चलनमा रहेको भन्ने कुनै प्रमाणबाट प्रष्ट खुल्न आएको देखिएन । प्रतिवादीहरूले विवादित कि.नं. का जग्गाहरू आफ्नो एकलौटी हकभोगमा रहेको भन्ने जिकिर लिए तापनि निजको उपभोगमा रहेको भन्ने तथ्ययुक्त प्रमाण आधार बेगर प्रतिवादीहरूले जिकिर लिएकै आधारले मात्र निजहरूको हक अधिकारभित्र रहेको भनी अनुमान गर्न मिल्ने देखिएन । मिति २०६२।११।२७ को नक्सा मुचुल्काबाट न.नं. १३, १४, १५, १६ र १६क को जग्गा अख्तर अलि अन्सारीको भोग चलनमा रहेको भनी उल्लेख भएको देखिनुको साथै निज अख्तर अलि अन्सारीलाई मुलुकी ऐन, अ.बं. १३९ नं. बमोजिम बुझिँदा सो जग्गा निजले आफ्नो भने तापनि उक्त विवादित जग्गाहरू सार्वजनिक कायम गरेको फैसलाउपर निजले कानूनबमोजिम प्रतिवाद नगरी चित्त बुझाई स्वीकार गरी बसेकोसमेत देखिने । मिसिल संलग्न रहेका दर्ता स्रेस्ता एवम् अदालतबाट भै आएको नक्सा आधारसमेतका प्रमाणहरूबाट न. नं. ११, १२, १३, १४, १५, १६, र १६क को जग्गा सार्वजनिक देखिन आएको आधारमा सुरू जिल्ला अदालतले उक्त

जग्गाहरू सार्वजनिक ठहर गरी सोदेखि पूर्वतर्फ रहेको न. नं. १८ को जग्गा सार्वजनिक नभई प्रतिवादीको दर्ताभित्रको देखिन आएको भनी उक्त न.नं. १८ को जग्गालाई सार्वजनिक कायम गरेको ०६३।६।१४ को सुरू फैसला केही उल्टी गरी उपर्युक्त उल्लेख गरेबमोजिम न.नं. ११, १२, १३, १४, १५, १६, र १६क का जग्गासम्म सार्वजनिक ठहर गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६६।६।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०६९-CR-०५५८, कर्तव्य ज्यान, *बुद्धिमाया नेपाली वि. नेपाल सरकार*

प्रतिवादी बुद्धिमाया नेपालीले आफ्नो श्रीमान् मृतक मिठाराम नेपालीको लिङ्ग समात्दा रन्थनिएर मकै बारीको पाटामा ढले, त्यहाँबाट तानी तल बाटोमा खसाली दिँदा टाउको र छाती ढुङ्गामा बजारी चोट लागेर मरेको हो भनी कसुरमा साबित भई बयान गरेकोलाई घटनास्थल लास जाँच मुचुल्काले मृतक लासको हात, खुट्टाहरू पिठ्युँ कन्चटसमेतमा घाउचोटहरू लागेको र लिङ्गमुनि रगत बगेको, काटेको चोट लागेको प्रतिवेदन, शव परीक्षण प्रतिवेदनमा मृतकको मृत्युको कारण Blunt force trauma to the head leading to extradural haematoma भनी उल्लेख भएको, साथै विशेषज्ञले गरेको बयानमा अण्डकोष र लिङ्ग तान्दा मृत्यु हुन सक्ने बयान गरेको तथा कान्लाबाट आफैँ खसी मरेको भनी ठोस आधार प्रमाण प्रतिवादीले पुष्टि गर्न नसकेको अवस्थामा निज मृतक मिठाराम नेपाली आफैँ लडी मृत्यु भएको हो भन्ने जिकिरसँग सहमत हुन नसक्ने।

प्रतिवादी बुद्धिमाया नेपालीलाई निजको पति मृतक मिठाराम नेपालीले मादक पदार्थ सेवन गरी अघिल्लो दिन कुटपिट गरेको र भोलिपल्ट मृतकले जबर्जस्ती यौन सम्पर्क राख्न खोज्दा मृतकको लिङ्गसमेतमा समाती तल बारीमा खसाली दिएकामा साबित रहेबाट प्रतिवादी बुद्धिमाया नेपालीको कुटपिटको चोट पीडाबाट मृतकको मृत्यु भएको पुष्टि भै रहेको देखिँदा सुरू जिल्ला अदालतले ज्यानसम्बन्धीको १३(३) बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहर्याई गरेको फैसला पुनरावेदन अदालतले सदर गरेको मिलेकै देखियो। मृतक मिठाराम नेपालीले प्रायः मादक पदार्थ सेवन गरी झै-झगडा गरी कुटपिट गर्ने गरेको र प्रतिवादी बुद्धिमाया नेपालीलाई जबर्जस्ती करणी गर्न खोज्दा उठेको रिसको कारणबाट मृतक मिठाराम नेपालीलाई कर्तव्य गरी मारेको वारदातको अवस्थासमेतलाई हेर्दा सो सजाय चर्को पर्न जाने चित्तमा लागी १० वर्ष कैद सजाय हुन उपयुक्त देखिएको भनी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम राय व्यक्त गरेको पुनरावेदन अदालत, पाटनले मिति २०६९।१।१२ मा सदर गरेको रायसमेत मिलेकै देखिँदा अन्यथा गर्नु परेन, सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल साउन २८ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७०-CR-००४१, ०२८२, कर्तव्य ज्यान, *खुशीराम श्रेष्ठ (परिवर्तीत नाम) वि. नेपाल सरकार, नेपाल सरकार वि. खुशीराम श्रेष्ठ (परिवर्तीत नाम)*

प्रतिवादी खुसीराम श्रेष्ठ (परिवर्तित) ले

मृतक कोपिला श्रेष्ठलाई मार्ने मनसायले हिर्काएको नभई जिस्कँदा जिस्कँदैको अवस्थामा भएको दुर्घटना (Accident) भएकाले ज्यानसम्बन्धी महलको दफा ६(४) अनुसार भवितव्य ठहर्‍याई पाउने पुनरावेदन जिकिरको सम्बन्धमा हेर्दा, मृतकको टाउको हल्लाउँदा घाँटी लुलो रहेको भन्ने व्यहोराको घटनास्थल लास जाँच मुचुल्का, मृतकको मृत्युको कारण Asphyxia due to fracture upper cervical vertebra भन्ने शव परीक्षण प्रतिवेदनबाट मृतकको मृत्यु घाँटीको हड्डी भाँचिएर श्वास प्रश्वास अवरूद्ध भई भएको र निज प्रतिवादीले अधिकार प्राप्त अधिकारी र अदालतसमक्ष बयान गर्दा मैले ढाडमा थप्पडले हिर्काउँदा निज आँगनको डिलबाट लडी स्याँस्याँ गर्दै थिइन् त्यतिकैमा मैले निजलाई बोकी बारीको छेउमा लगी खाल्डो खनी माटोले पुरीदिएको हुँ, खाल्डोमा पुर्दासम्म निज मरेकी थिइनन्, कति बेरमा मरिन्, थाहा भएन भनी कसुरमा साबितसमेत रहेको अवस्थामा मृतक कोपिला श्रेष्ठलाई प्रतिवादीले जिउँदै गाडेको देखिने । प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुर ठहर भएकामा निजको आधा अंश सर्वस्व नगरेको फैसलाउपर नेपाल सरकारको पुनरावेदन जिकिर रहेको सम्बन्धमा विचार गर्दा, बालबालिकाउपर कुनै निर्णय गर्दा निजको सर्वोत्तम हितलाई ध्यानमा राख्नु पर्ने सर्वमान्य मान्यता रहेको तथा प्रचलित नेपाल कानूनअनुसार १५ वर्षको नाबालकलाई सम्पत्तिमाथि पूर्ण अधिकार नभई संरक्षकको जिम्मामा रहने कानूनी प्रावधान रहेको सन्दर्भमा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ र १३(३) नं. विपरीतको कसुरमा ऐ. को १३(३) नं. बमोजिमको हुने सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिमको जन्मकैद बीस वर्षको आधा दश वर्ष सजाय गरी आधा अंश सर्वस्व गर्न न्यायोचित हुने नदेखिँदा सर्वस्वको हदसम्मको अभियोग दाबी पुग्न नसक्ने गरी प्रतिवादी खुशीराम श्रेष्ठलाई १० (दश) वर्ष कैद गरी आधा अंश सर्वस्वको हदसम्म अभियोग दाबी पुग्न नसक्ने गरी भएको सिन्धुली जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याइएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।१२।१५ को फैसला मिलेकै देखिँदा अन्यथा गरिरहन परेन, सदर हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल साउन २८ गते रोज ५ शुभम् ।

५

**मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०९४६, कर्तव्य ज्यान, *लक्ष्मी नेपाली वि. नेपाल सरकार*

प्रतिवादी लक्ष्मी नेपालीले मौकामा बयान गर्दा आफ्नो पति विदेशमा रहेको अवस्थामा परपुरूषसँगको शारीरिक सम्पर्कबाट गर्भ रहेको र सो गर्भ तुहाउने प्रयास असफल भै जिउँदो छोरा जातक बच्चा जन्मेकामा सो बच्चाको नाक, मुख हातले थिची थुनिदिएको कारणले मृत्यु भएको र मरिसकेपछि जङ्गलमा लगी फालेको भन्ने बयानलाई लास जाँच मुचुल्काअनुसार नवजात शिशुको विभिन्न अङ्गहरू जनावरले खाएको र खाएको जस्तो देखिएकोबाहेक घाँटीको बायाँतर्फ १ इन्च गोलाइ आकारको घा चोट देखिनुबाट प्रतिवादीको बयानलाई समर्थित गरेको तथा लक्ष्मी नेपालीको गर्भधारण शारिरिक परीक्षण गर्दा पोजेटिभ देखिएको प्रतिवेदनबाट प्रतिवादीले आफ्नो नवजात शिशुलाई कर्तव्य गरी मारी फालेको देखियो । यसरी अवैध सम्बन्धबाट रहेको गर्भ फाल्ने प्रयास असफल भै जन्मेको शिशुलाई प्रतिवादीले कर्तव्य गरी मारी फालेको देखिँदा निज प्रतिवादीले जिउँदो जन्मेको बच्चालाई दुध चुसाउँदा दुध नआएको तथा

खान नपाई दुई दिनपछि प्राकृतिकरूपमा मृत्यु भएपछि जङ्गलमा शव फालेको हो कर्तव्य गरि मारी फालेको होइन भन्ने जिकिरसँग सहमत हुन नसकिने। प्रतिवादी लक्ष्मी नेपालीले कुनै रीसइवीपूर्वक सुनियोजितरूपमा हत्या गरेको वारदातबाट नदेखिएको, साथै उमेरमा विवाह हुने वित्तिकै श्रीमान् परदेश गएको अवस्थामा परपुरूषसँगको सम्बन्धबाट बच्चा जन्मेको, श्रीमान् विदेशबाट आउने समय भएको र अर्काको बच्चासहित आफूलाई श्रीमान्ले स्वीकार नगर्ने, छरछिमेकले थाहा पाउलान् भन्ने लोक लाजसमेतबाट चिन्ताग्रस्त अवस्थामा प्राकृतिकरूपमा दूध नआई बच्चाले दूध खान नपाई रोई कराई गर्दा बच्चाको नाक मुख थुनी मारेको देखिँदा निज प्रतिवादीले नवजात शिशुको कर्तव्य गरी मारी जङ्गलमा फालेको पुष्टि हुन आएकामा निजलाई ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिमको कसुरमा ऐ. को १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद ठहर्‍याई, निज प्रतिवादीको उमेर, विदेशमा श्रीमान् रहेको अवस्था र अवैध गर्भबाट जन्मेको बच्चा र आमाको सामाजिक अस्तित्व तथा लोक लाजसमेतको कारणले कर्तव्य गरी मारेको देखिन आएको तथ्यलाईसमेत विचार गरी अ. बं. १८८ नं. बमोजिम राय लगाई निज प्रतिवादी लक्ष्मी नेपालीलाई पाँच (५) वर्ष कैदको सजाय ठहर गरेको कास्की जिल्ला अदालतको फैसला २०६८।७।२२ मा पुनरावेदन अदालत, पोखराले सदर गरेको रायसहितको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल साउन २८ गते रोज ५ शुभम्।

६

**मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०११६, ०२०९, लागु औषध खैरो हेरोइन, *मिस्टर जिनामिया अन्सारी वि. नेपाल सरकार, नेपाल सरकार वि. कुमार गुरूङसमेत*

पुनरावेदक प्रतिवादी मिष्टर जिनामिया अन्सारीको हकमा हेर्दा, प्रतिवादीमध्येका रंजित सिंहका सँगसाथबाट १०२ ग्राम लागु औषध खैरो हेरोइन बरामद भएको, बरामदी वस्तुको राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट परिक्षण गरी मिति २०६५।१।४ मा प्राप्त प्रतिवेदनमा सो वस्तु narcotic drug heroin (Diacetyl morphine) पाइएको भन्ने खुलाइएकोसमेतबाट प्रतिवादी रंजित सिंहको साथबाट बरामद भएको वस्तु लागु औषध खैरो हेरोइन नै रहेको भन्नेमा विवाद नदेखिने। लागु औषध १०२ ग्रामसहित पक्राउ परेका प्रतिवादी रंजित सिंहको सँगसाथबाट बरामद भएको लागु औषध खैरो हेरोइन यी पुनरावेदक प्रतिवादी मिष्टर जिनामिया अन्सारीले निजको मान्छेमार्फत वीरगञ्जबाट पठाई दिएको र निजलाई मैले पोल गरी पक्राउ गराइदिएको हुँ भनी सह अभियुक्त रंजित सिंहले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा यी पुनरावेदकलाई पोल गरेका, सोही पोलको आधारमा तत्काल निज मिष्टर जिनामिया अन्सारीलाई वीरगञ्जबाट पक्राउ गरेको भन्ने प्रतिवेदक बाबुकाजी गिरीसमेतले अदालतमा आई बकपत्र गरिदिएका तथा सो पोललाई पुष्टि हुने गरी यी पुनरावेदक प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा थुनामा रहेका संजय सिंहले फोनबाट हेरोइन माग गरेकाले रंजित सिंहले पाउने गरी बरामद लागु औषध १०२ ग्राम विर्जु कलवारसँग खरिद गरी आलम भन्ने व्यक्तिमार्फत रंजित सिंहलाई पठाएको हुँ भनी बयान गरेको पाइन्छ। बकपत्र गर्ने प्रतिवेदकहरूसँग कुनै रिसइवी थियो भनी यी पुनरावेदक मिष्टर जिनामिया अन्सारीले खुलाउन सकेको नदेखिएको एवम् यदि बरामद भएको लागु औषधको कारोबारमा यी पुनरावेदक प्रतिवादी मिष्टर

जिनामियाको संलग्नता नभएको भए प्रतिवादी रंजितले यिनै प्रतिवादी मिष्टर जिनामियाबाट उक्त बरामदी लागु औषध आफूले प्राप्त गरेको हो भनी पोल गरी फसाउनु पर्नेसम्मको कुनै कारण खुलाउन सकेको अवस्था नदेखिँदा केवल अदालतमा आई कसुरमा संलग्नता नरहेको भनी इन्कारी बयान गरेकै आधारमा दसीलगायतका सङ्कलित प्रमाणबाट यी पुनरावेदक प्रतिवादी मिष्टर जिनामिया अन्सारीको दाबीको कसुरमा संलग्नता थिएन भन्न मिल्ने नदेखिने । प्रतिवादी कुमार गुरूङलाई दुई छुट्टाछुट्टै वारदातमा छुट्टाछुट्टै सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरको सन्दर्भमा हेर्दा, प्रस्तुत मुद्दाको वारदात र लगाउको मुद्दाको वारदात एउटै मिति २०६४।१२।१ मा भएको र प्रस्तुत मुद्दा र लगाउको मुद्दा एउटै कडिको रूपमा आएको देखिन्छ । एउटै मितिमा घटित भएको र एउटै कडिको रूपमा रहेको एउटै कसुरलाई दुई छुट्टाछुट्टै वारदात भनी परिभाषा छुट्टाछुट्टै वारदात भनी परिभाषा गरी एकै कसुरमा पुनः सजाय बोल्न मिल्ने भनी व्याख्या गर्न फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत हुने । प्रतिवादी संजय सिंह नै प्रस्तुत मुद्दाका प्रमुख सल्लाहकार, योजनाकार र मुनाफाप्राप्त व्यक्ति भएकाले निजलाई दुरूत्साहनकर्ता मात्र मानी भएको सजाय नमिलेको हुँदा लागु औषध ऐन, २०३३ को दफा १६ बमोजिम थप सजाय हुनु पर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरको सन्दर्भमा हेर्दा, प्रतिवादी संजय सिंह विशेष अदालतको फैसलाले लागु औषध मुद्दामा मिति २०६०।९।१७ मा १५ वर्ष कैद सजाय पाई कारागारमा थुनामा रहेको अवस्था देखिन्छ । निज प्रतिवादी संजय सिंहले अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा इन्कार रही बयान दिएको देखिए पनि निजले जेलबाटै अन्य प्रतिवादीहरूसँग फोन सम्पर्क गरी लागु औषध मगाउने गरेको भन्ने सहअभियुक्त रंजित सिंह, प्रतिवादी मिष्टर जिनामिया अन्सारीसमेतले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा पोल गरेको अवस्था छ । प्रतिवादी संजय सिंह जेलमा रहेकाले कारोबारमा प्रत्यक्ष संलग्न नरहे पनि निजलाई अन्य प्रतिवादीहरूले जेलमा भेट्ने गरेको तथा निजले फोनबाट अन्य प्रतिवादीहरूलाई लागु औषधको कारोबार गर्न दुरूत्साहन गरी सहयोग गरेका हुन् भन्नेसम्म देखिन आएकाले निजलाई प्रमुख योजनाकार रहेको भनी भन्न नसकिने । प्रतिवादी रंजित सिंह तथा प्रतिवादी मिष्टर जिनामिया अन्सारीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (छ) (३) अनुसार जनही १५ वर्ष कैद र रू. ५,००,०००।– जरिवाना हुने र प्रतिवादी संजय सिंहलाई निजहरूलाई दुरुत्साहन दिई सहयोग गरेतर्फ सोही ऐनको दफा १७ अनुसार ७।६।० (सात वर्ष छ महिना) कैद र रू. २,५०,०००।- जरिवाना हुने तथा प्रतिवादी कुमार गुरूङको हकमा एकै मितिको वारदात र यिनै प्रतिवादीहरूबाट लागु औषध प्राप्त गरेको भनी निजसमेत उपर लगाउको फौ.नं. २१९४ को मुद्दा दायर गरी सो मुद्दासमेत लगाउमा रहेको देखिँदा सो मुद्दामा भएको फैसलामा ठहरेबमोजिम हुने नै हुँदा यस मुद्दामा केही बोली रहन परेन भनी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६७।१।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७२ साल साउन २८ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-०८५४, अंश चलन, *खड्गबहादुर थापा वि. अम्बरबहादुर थापा*

वादी प्रतिवादीबीच अंशबन्डा भइसकेको छ वा एका सगोलमा रहेका छन् भन्ने पहिलो प्रश्नतर्फ हेर्दा,

वादी र प्रतिवादीहरूबीच बाबुछोरा / दाजुभाइ नाता रहेकामा विवाद नदेखिई वादी र प्रतिवादी अंशियार नाता रहे भएको भन्ने नै देखियो । वादीले प्रतिवादीहरूबाट आफ्नो अंश नलिई २०३९ सालदेखि भिन्नै बस्दै आएको र हाल अंश माग्दा प्रतिवादीहरूले अंश दिन नमानेको भनी अंश मुद्दा दायर गरी उठान भएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू भीमबहादुर थापा र यी पुनरावेदक प्रतिवादी खड्गबहादुरले २०१६ सालमा घरसारमा भएको बन्डापत्रअनुसार वादीले आफ्नो अंशभाग लिई छुट्टी भिन्न भैसकेका र सो लिखतलाई अन्यथा भन्न सक्ने अवस्था छैन भनी जिकिर लिएको पाइन्छ । २०१६ सालमा भएको भनिएको बन्डापत्रलाई वादीले प्रतिवादी भीमबहादुर थापाका दुई श्रीमतीबीच सौतेनी अंशबन्डा भएको र त्यसमा प्रत्यर्थी वादीले साक्षीसम्म बसेको भनी २०१६ सालको बन्डापत्रको अस्तित्वलाई स्वीकार गरेका देखिने ।

बन्डापत्रलाई घरसारको भनी यिनै पुनरावेदक प्रतिवादीले स्वीकार गरेको अवस्था छ र सो बन्डापत्र कुन कार्यालयबाट कुन मितिमा रजिस्ट्रेसन भएको भन्नेसमेत खुलाउन सकेको अवस्था छैन । २०१६ सालमा भएको बन्डापत्र घरसारको भन्ने देखिएको र सो बन्डापत्र कुनै कार्यालयबाट रजिस्ट्रेसन भएको भन्ने नदेखिएको हुँदा सो बन्डापत्रको आधारमा वादीले अंश लिई छुट्टी भिन्न भइसकेका हुन् भन्न मिल्ने नदेखिई यी पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादीबीच अंश बन्डा हुन बाँकी रही एकासगोलमा नै रहे भएको देखिने ।

प्रतिवादीहरूमध्ये राजबहादुर थापाले प्रतिउत्तर फिराउँदा आफू अलग भिन्न भइसकेको भनी प्रतिवाद गरेको, प्रतिवादीमध्येका वादी प्रतिवादीका पिता भीमबहादुर थापाको मिति २०६१।१२।१९ मा मृत्यु भइसकेको भनी वादी अम्मरबहादुरले मृत्यु दर्ता प्रमाणपत्र पेस गरेबाट जीवित अंशियारमा वादी र प्रतिवादी पुनरावेदक खड्गबहादुरमात्र रहेको भन्ने देखिने ।

प्रतिवादीमध्येका मृतक (दाता) भीमबहादुरको अंश भाग छुट्टिसकेको अवस्था नभएको, अंश छुट्याउन दाताले नालिस गरेको अवस्था नभएको तथा त्यस्तो प्राप्त गर्ने पुनरवेदक प्रतिवादी खड्गबहादुरले छुट्याई लिई नसकेको अवस्था रहेको र पुनरावेदक प्रतिवादीले मृतक भीमबहादुरको मुद्दा सकार गरी निजको तर्फबाट मुद्दामा प्रतिवाद गरेको अवस्थासमेत नरहेको हुँदा मृतक व्यक्तिलाई अंशियार मान्न नमिली जिवित रहेका दुई अंशियारहरूका बीचमात्र अशबन्डा गर्नुपर्ने देखिन्छ । यस्तो अवस्थामा दुई अंशियार कायम गरी तायदाती फाँटबारीमा उल्लिखित सम्पत्तिबाट वादीले दुई भागको १ भाग अंश लिन पाउने देखिन्छ भनी पुनरावेदन अदालतबाट भएको निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

वादीकी श्रीमती उमाकुमारीका नाउँ दर्ताको जग्गा २०५८ सालको राजिनामाबाट प्राप्त गरेको देखिएको अवस्थामा सो सम्पत्ति बन्डा गर्नुपर्ने सम्पत्ति नै रहेको देखिएको हुँदा उमाकुमारीका नाउँ दर्ताको तायदाती फाँटबारीमा उल्लिखित सम्पत्ति वादी र पुनरावेदक प्रतिवादीबीच बन्डा हुने भई दुईभागको एकभाग वादीले र एकभाग पुनरावेदक प्रतिवादीले पाउने ठहर गरी भएको पुनरावेदन अदालत, इलामको फैसला मिलेकै देखिने ।

तायदाती फाँटबारीमा उल्लिखित ऋणको हकमा साहुको दाबी पर्न आएमा उसै बखत ठहरेबमोजिम हुने र अरू सम्पत्तिमा तायदाती फाँटबारीमा उल्लिखित सम्पत्तिबाट वादीले २ भागको १ भाग अंश लिन पाउने ठहर्छ । वादीकी श्रीमती उमाकुमारी थापाका नाउँ दर्ताको जग्गा सम्पत्ति बन्डा नहुने गरी गरेको सुरूको फैसला सो हदसम्म मिलेको

नदेखिँदा उक्त फैसला उल्टी भई वादी प्रतिवादीबाट पेस भएको तायदाती फाँटबारीमा उल्लिखित उमाकुमारी थापाका नाउँ दर्ताको जग्गा सम्पत्तिसमेतबाट वादी प्रतिवादीले दुई भागको एकएक भाग अंश छुट्याई लिन पाउने ठहर्छ भनी भएको पुनरावेदन अदालत, इलामको मिति २०६७।३।६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७२ साल भदौ २८ गते रोज २ शुभम्।

८

**मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-१३५९, बिना इजाजत वन अतिक्रमण गरी वन पैदवार हटायो, *नेपाल सरकार वि. करण सिंह साहुसमेत*

रूख काटी वन जंगल नोक्सान पुर्‍याएको भनी प्रतिवादीहरू करण सिं साहु र गोविन्दबहादुर साहुलाई आरोप लगाएको सम्बन्धमा निज प्रतिवादीहरूले के कति रूख कहिले काटी, कहाँ लगी बिक्री गरे, कसले खरिद गरेको हो भनी स्पष्ट आधार, प्रमाण, तथा अनुसन्धानसमेत भएको देखिएन । यस्तो अवस्थामा सामुदायिक वनको रूखहरू काटिएकै आधारमा रूखका ठुटाहरू गनी सबै रूखहरू काटिएको दायित्व प्रतिवादीहरूमा रहनु पर्छ भन्न मिलेन र यति नै बिगो हो भनी छुट्टीन सक्ने आधारसमेत नहुँदा कटान भएको सम्पूर्ण रूखको बिगोको दायित्व प्रतिवादीद्वय करण सिंह साहु र गोविन्द बहादुर साहुमा रहनु पर्छ भन्ने दाबी न्यायसङ्गत नदेखिने । विवादित वन क्षेत्रको जग्गा सामुदायिक वनदर्ता हुनुपूर्व सो जग्गा प्रतिवादीहरूको दर्ताभित्रको भनिए तापनि नापीको समयमा उक्त जग्गा दर्ता हुननसकेको अवस्थामा सो जग्गा प्रतिवादीहरूको देखिन आएन । यसरी विधिवत् दर्ता विना वनक्षेत्रको जग्गा आवाद गरेको देखिएबाट सो कार्य वन ऐन, २०४९ को दफा ४९ (क) को कसुर भएको देखिँदा सोही ऐनको दफा ५० (१) (क) बमोजिम सो जग्गा दर्ता नभएसम्म राष्ट्रिय वनअन्तर्गतको रहेको मान्न पर्ने र सो जग्गा राष्ट्रिय वनमा स्वतः समावेश हुने देखिँदा प्रतिवादीहरू करण सिंह साहु र गोविन्द बहादुर साहुलाई विना दर्ता जग्गा आवाद गरेबापत रू. १०,०००।– मात्र जरिवाना गर्नु पर्नेमा बढी सजाय गरेको हदसम्म डडेल्धुरा जिल्ला अदालतको फैसला सो हदसम्म केही उल्टी हुने ठहर्‍याएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।१०।११ को फैसला मिलेकै देखिँदा अन्यथा गरिरहन परेन, सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम्।

९

**मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-१३७७, लिखत बदर दर्ता, *लीलादेवी महतो वि. मोतीदत्त कायस्थ*

धनुषा जिल्ला अदालतबाट फैसला हुँदा मुद्दा पर्दाका अवस्थामा जग्गाधनी नै नभएका व्यक्तिउपर मुद्दा दिई जग्गाधनीलाई कुनै जानकारी नभई प्रतिवादसमेत गर्न नपाएका अवस्थामा ऐजाजुल दर्जीको हारजितको कारणलेमात्र प्रतिवादी लिलादेवी नामको लिखत बदर हुन नसक्ने हुँदा वादी दाबी पुग्न नसक्ने ठहर गरी फैसला भएको पाइन्छ । विपक्षी वादीले यस मुद्दाका प्रतिवादी लिलादेवीका दातालाई विपक्षी बनाई दायर भएको लिखत बदर मुद्दा र प्रस्तुत मुद्दामा उठाइएको विवाद एउटै जग्गाका सम्बन्धमा रहेको भन्ने पुनरावेदन अदालत, जनकपुरबाट मिति २०५४।१।२३ र सर्वोच्च अदालतबाट मिति २०६०।४।२६ मा भएको फैसलाबाट पुष्टि भएको अवस्था छ । पुनरावेदक प्रतिवादीका दाताले प्राप्त

गरेको मूल स्रोतमाथि नै प्रश्न उठाई मुद्दा परी फैसला हुँदा दाताले प्राप्त गरेको जग्गाको मूल स्रोतको रूपमा रहेको लिखत नै बदर हुने ठहरी फैसला भइसकेको अवस्थामा दाताको हारजितको कारणले पुनरावेदक प्रतिवादीका नामको लिखत बदर हुन सक्दैन भन्न मिल्ने नदेखिने।

विवादित कि.नं. को जग्गा विपक्षी वादीका परदाता गढवादफालीले रामऔतारलाई हक हस्तान्तरण गरी दिएकामा रामऔतारबाट विपक्षी वादीले मिति २०३२।३।६ मा नै हक टुटाई राजिनामा लिखतबाट प्राप्त गरेको भन्ने देखिएको र सोही जग्गा पछिबाट तेतरी खातुनबाट पुनरावेदकका दाताले राजिनामा गरी लिएकामा मुद्दा पर्दा पुनरावेदकका दाताले पारित गरी लिएको लिखत नै बदर हुने ठहर गरी सर्वोच्च अदालतबाट फैसला भइसकेको अवस्थामा हदम्यादको प्रश्न उठाई परेको प्रस्तुत पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

माथि विवेचित आधार कारण र प्रमाणसमेतको आधारमा वादी दाबी पुग्न नसक्ने ठहर गरी भएको धनुषा जिल्ला अदालतको मिति २०६४।२।१७ को फैसला उल्टी गरी वादी दाबी पुग्ने ठहर गरी भएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।१।२३ को फैसला मिलेको देखिँदा पुनरावेदन अदालत, जनकपुरको फैसला सदर हुने।

इजलास अधिकृत : इन्दिरा शर्मा

इति संवत् २०७२ साल भदौ २८ गते रोज २ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६८-WO-०३२४, उत्प्रेषण, *राधिका सापकोटासमेत वि. माननीय स्थानीय विकास मन्त्री, स्थानीय विकास मन्त्रालय, श्री महल पुल्चोक ललितपुरसमेत*

निवेदकहरूलाई "महिला जिल्ला समन्वय समिति गठन तथा कार्यविधि २०६८" अनुसार स्थानीय विकास मन्त्रालयबाट (मन्त्रीस्तर) को मिति २०६८।२।५ को नीतिगत निर्णयअनुसार महिला जिल्ला समन्वय समितिको उपाध्यक्ष पदमा चारवर्षको लागि मिति २०६८।२।१७ मा मनोनयन गरी नियुक्ति गरेकामा मिति २०६८।५।२९ को स्थानीय विकास मन्त्रालय (मन्त्रिस्तर) को निर्णयअनुसार अवकाश दिएउपर रिट निवेदन परेकामा, विपक्षीहरूका नाममा यस अदालतबाट अन्तरिम आदेश जारी भएको देखियो। यसरी मनोनित मितिदेखि नै रिट निवेदकहरू उक्त पदमा कार्यरत् रहि प्रस्तुत रिट निवेदनको अन्तिम सुनवाई हुँदाको मितिसम्ममा निज निवेदकहरूको कार्य अवधिसमेत भुक्तान भैसकेको देखिँदा प्रस्तुत रिट निवेदनमा माग गरेबमोजिमको आदेशको आवश्यकता र औचित्यता नै समाप्त भई प्रयोजनहिन भैसकेको हुँदा निवेदकहरूको मागबमोजिमको आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने साथै यस अदालतबाट मिति २०६८।७।८ मा जारी भएको अन्तरिम आदेश आजकै मितिबाट स्वतः निष्क्रिय हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम्।

२

**मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६८-WO-०४८४, उत्प्रेषण, *नर्बदा भण्डारीसमेत वि. माननीय स्थानीय विकास मन्त्री, स्थानीय विकास मन्त्रालय, श्रीमहल पुल्चोक*

*ललितपुरसमेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ ले लक्षित गरेअनुरूप महिलाहरूको विकास एवम् सहभागितालाई प्रभावकारी बनाउने उद्देश्यले नेपाल सरकारद्वारा स्वीकृत भई लागू भएको "महिला जिल्ला समन्वय समिति गठन तथा कार्यविधि २०६८" अनुसार स्थानीय विकास मन्त्रालय (मन्त्रीस्तर) को मिति २०६८।२।१७ को निर्णयअनुसार महिला जिल्ला समन्वय समितिको उपाध्यक्ष पदमा चार वर्षको लागि मनोनयन गरी नियुक्ति गरेकामा मिति २०६८।५।२९ को स्थानीय विकास मन्त्रालय (मन्त्रीस्तर) को निर्णयबाट अवकाश दिएउपर रिट निवेदन परेकामा, यस अदालतबाट अन्तरिम आदेशसमेत जारी भएको देखियो । यसरी जारी अन्तरिम आदेशबाट उक्त समितिको उपाध्यक्ष पदमा निज निवेदकहरू वहाल नै रहि कार्यावधिसमेत भुक्तान गरेको देखिँदा मनोनित मिति २०६८।२।१७ देखि प्रस्तुत रिट निवेदनको अन्तिम सुनवाई हुँदासम्ममा निज निवेदकहरूको पदावधि भुक्तानसमेत भैसकेको देखिँदा प्रस्तुत रिट निवेदनमा माग गरेबमोजिमको आदेशको आवश्यकता र औचित्यता नै समाप्त भइसकेको हुँदा निवेदकहरूको मागबमोजिमको आदेश जारी गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने साथै यस अदालतबाट मिति २०६८।८।२१ मा जारी भएको अन्तरिम आदेश आजैबाट स्वतः निष्क्रिय हुने ।

इजलास अधिकृत: गिता श्रेष्ठ

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम् ।

३

**मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६८-WO-०४२८, उत्प्रेषण, *कमला ओली वि. माननीय स्थानीय विकास मन्त्री, स्थानीय विकास मन्त्रालय, श्रीमहल पुल्चोक ललितपुरसमेत*

निवेदकहरूलाई "महिला जिल्ला समन्वय समिति गठन तथा कार्यविधि २०६८" अनुसार स्थानीय विकास मन्त्रालयबाट (मन्त्रिस्तर) को मिति २०६८।२।१७ को निर्णयबाट महिला जिल्ला समन्वय समितिको उपाध्यक्ष पदमा चार वर्षको लागि मनोनयन गरी नियुक्ति गरेकामा मिति २०६८।५।२९ को स्थानीय विकास मन्त्रालय (मन्त्रिस्तर) को निर्णयअनुसार अवकाश दिएउपर रिट निवेदन परेकामा, कार्यविधि स्वयम् अस्थायी प्रकृतिको हुने र महिला जिल्ला समन्वय समितिको उपाध्यक्षको पद राजनितिक नियुक्तिको पद भएकामा चार वर्षको कार्य अवधि भुक्तान हुनु अगावै Doctrine of pleasure समेतका आधारमा निवेदकहरूलाई अवकाश दिन सक्नुका साथै कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा १६ ले नियुक्त गर्ने अधिकारमा सस्पेण्ड र बर्खास्त गर्ने अधिकारसमेत निहित रहेकाले रिट निवेदकहरूलाई दिइएको अवकाश कानूनसम्मत नै रहेको व्यहोरासहितको लिखित जवाफहरू परेको देखिने ।

महिला जिल्ला समन्वय समिति गठन तथा कार्य सञ्चालन कार्यविधि, २०६८ बमोजिम महिला जिल्ला समन्वय समितिको उपाध्यक्ष पदमा मनोनित तथा अवकाशको सम्बन्धमा यस अदालतबाट अन्तरिम आदेशसमेत जारी भएबाट उक्त समितिको उपाध्यक्ष पदमा निज निवेदकहरू बहालनै रही कार्यावधिसमेत भुक्तान गरेको देखियो । यसरी मनोनित मिति २०६८।२।१७ देखि प्रस्तुत रिट निवेदनको अन्तिम सुनुवाई हुँदासम्ममा निज निवेदकहरूको पदावधि भुक्तानसमेत भैसकेको देखिँदा प्रस्तुत रिट निवेदनमा माग गरेबमोजिमको आदेश प्रयोजनहिन

तथा औचित्यहीन हुने हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७२-WS-०००३, उत्प्रेषण, *उमाशंकर रौनियार वि. अशोक रौनियारसमेत*

यी निवेदकले जिल्ला अदालतले फैसला गर्दा अंशबन्डाको महलको १०, १८ र ३० नं. विपरीत फैसला गरेको र सो फैसला संविधानसँग बाझिएको भनी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिमको यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत प्रवेश गरेको देखियो। जिल्ला अदालतको फैसलाले अंश हकमा आघात पारेको भएमा साधारण कानूनले तोकेको प्रक्रियाअनुसार पुनरावेदकीय अधिकारको प्रयोग गरी माथिल्लो अदालतबाट त्यस्तो फैसला बदर गराउनेतर्फ कारवाही गर्नुपर्नेमा निवेदकले सोअनुरूप पुनरावेदन गरेको पनि देखिएन। फैसला कानूनी त्रुटिपूर्ण भएमा उपचार प्राप्त गर्ने कानूनी मार्ग पनि त्यही नै हो। आफूसमेत पक्ष विपक्ष भई चलेको मुद्दामा अदालतबाट भएको फैसला बदर गरी पाउन न्याय प्रशासन ऐन २०४८ को दफा ८(१) अनुरूप पुनरावेदन गर्न पाउने कानूनी उपचारको बाटो अनुशरण गर्नु पर्दछ। कुनै अड्डा अदालत वा निकायको निर्णयबाट आफ्नो हक गएको छ र कानूनले त्यसको उपचारको व्यवस्था गरेको छैन वा उपचारको व्यबस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन भएमा मात्र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अनुरूप सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रबाट उपचार खोज्न पाइने हो। आफू पक्ष विपक्ष भई मुद्दा हार्नु जित्नु गरेकामा पुनरावेदन गर्न पाउने उपचारको अतिरिक्त कानूनी उपाय हुँदा हुँदै नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम सर्वोच्च अदालतको असाधारण अधिकारअन्तर्गत निवेदन गर्न सक्ने व्यवस्था रहेको नदेखिने। निवेदकले अंशबन्डाको १०, १८, ३० नं. दानबकसको महलको १ र ५ नं. संविधानसँग बाझिएको भनी दाबी गरे पनि उक्त कानूनहरू संविधानको कुन धारासँग कसरी बाझिएको हो सो स्पष्टसँग दाबी लिन सकेको देखिँदैन भने उक्त कानून निर्माण गर्ने विधायिकी अङ्ग र सम्बद्ध अन्य निकायलाई विपक्षी बनाई दाबी गर्न सकेको पनि देखिँदैन। त्यस्तै जिल्ला अदालतबाट भएको फैसला संविधानसँग बाझिएकाले बदर गरिपाँउ भनी रिट क्षेत्रबाट सर्वोच्च अदालत प्रवेश गर्न पाउने संवैधानिक व्यवस्था रहेको नदेखिँदा निवेदकको उक्त दाबी पनि संविधानसङ्गत रहेको देखिएन। यसका अतिरिक्त तल्लो अदालतमा विचाराधीन मुद्दालाई प्रतिकूल असर पर्ने गरी यस अदालतबाट बोल्न मिल्ने पनि नहुने।

अतः माथि उल्लिखित आधार कारणबाट साधारण कानूनअनुसार सामान्य अदालतबाट भएको फैसला कानूनी त्रुटिपूर्ण भएमा सोको उपचार प्राप्त गर्न निवेदकलाई न्याय प्रशासन ऐनले पुनरावेदन गर्न पाउने वैकल्पिक उपचार प्रदान गरिरहेको अवस्थामा असाधारण क्षेत्राधिकारको तहबाट निवेदन मागबमोजिमको आदेश जारी हुन सक्ने देखिएन। निवेदनको निवेदन प्रथम दृष्टिमा नै खारेजयोग्य देखिँदा

विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहन परेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : सन्तोषप्रसाद पराजुली

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७२ साल भदौ १ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-WO-०१६९, उत्प्रेषण / परमादेश, *अगेन्द्रप्रसाद यादव वि. सशस्त्र प्रहरी बल सीमा सुरक्षा, कार्यालय गौर रौतहटका कार्यालय प्रमुख सशस्त्र प्रहरी उपरीक्षक विदुर खड्कासमेत*

यसमा निवेदन मागबमोजिम विपक्षीहरूबाट लिखित जवाफ मगाउनु पर्ने, नपर्ने र उत्प्रेषण मिश्रित परमादेशको आदेश जारी हुन सक्ने, नसक्ने के हो भन्ने सम्बन्धमा विचार गर्दा, सर्वप्रथम उत्प्रेषणको आदेश के कस्तो अवस्थामा जारी हुन्छ र कस्तो अवस्थामा जारी हुन सक्दैन भनी हेर्नु पर्ने देखियो । उत्प्रेषणको मुख्य उद्देश्य कुनै पनि निकायलाई आफ्नो अधिकारक्षेत्र बाहिर जान नदिनु हो । कुनै मातहत अदालत, न्यायाधिकरण, सरकारी एवम् सार्वजनिक अधिकारी र निकायबाट अधिकारक्षेत्रात्मक त्रुटि गरी निर्णय गरेको र सो निर्णयबाट कुनै व्यक्तिको कानूनी हकमा असर पर्न गएको एवम् सो त्रुटि सच्याई कानूनी हकको प्रचलनको लागि अन्य वैकल्पिक उपाय नभएको अवस्थामा यो आदेश जारी हुन्छ । आफूलाई नभएको अधिकारक्षेत्र ग्रहण गरी आदेश गरेमा वा आफ्नो अधिकारक्षेत्रभन्दा बाहिर गई निर्णय गरेमा वा आफ्नो अधिकारक्षेत्र पन्छाई निर्णय गरेको अवस्थामा यो आदेश जारी हुने ।

मातहत अदालत तथा निकायमा विचाराधीन रहेको विषयमा, तहतह अदालतबाट फैसला भएकामा, औचित्यभित्र प्रवेश गरी तथ्यको निरूपण गर्नुपर्ने विषयमा, बदर गराउन माग गरिएको विषय अपरिपक्व भएमा, अदालत वा न्यायिक अधिकारीको न्यायिक निर्णय बदर गर्न माग गरेकामा, निर्विवाद हक कायम नभएको विषयमा, सबुद प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्नु पर्ने विषयमा उत्प्रेषणको आदेश जारी हुन नसक्ने ।

रिट निवेदकलाई चोरीको अभियोगमा अख्तियारवाला पदाधिकारीबाट सफाइको मौकासमेत दिई कारबाही भएको भन्ने निवेदन व्यहोराबाटै देखिएको हुँदा निवेदकका कानून व्यवसायीले बहसको क्रममा सुनुवाईको मौका नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत निर्णय भएको भनी उठाएको प्रश्न आफैँमा खण्डित भएको छ । रिट निवेदकले रिचार्ज कार्ड आफूबाट बरामद भएको भनी निवेदन व्यहोरामा स्वीकार गरेको अवस्थामा सो रिचार्ज कार्ड चोरीको हो वा होइन भनी असाधारण अधिकारक्षेत्रअन्तर्गत परेको रिटको माध्यमबाट प्रमाण बुझी निर्णय गर्न मिल्ने विषय नभएको हुँदा सो विषयमा थप विचार गरिरहन परेन । असाधारण अधिकारक्षेत्रबाट कारबाही गर्दा सबुद प्रमाण बुझ्ने, विवेचना गर्ने जस्ता कार्य गर्न नमिल्ने ।

प्रस्तुत मुद्दामा अधिकारप्राप्त अधिकारीबाट कानूनबमोजिम चोरी जस्तो गम्भीर कसुरमा प्रमाण बुझी प्रमाणको रोहमा कसुरदार ठहर गरी भविष्यमा सरकारी सेवाको लागि सामान्यतया अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी भएको निर्णय बदरका लागि प्रस्तुत रिट निवेदन परेपनि निजलाई नोकरीबाट हटाउनु नपर्ने कुनै कानूनी आधार निवेदकले देखाउन सकेको अवस्था नभएको हुँदा रिटको माध्यमबाट उपचार दिलाउन नसकिने ।

सशस्त्र प्रहरी सेवामा कार्यरत् यी रिट निवेदक अगेन्द्रप्रसाद यादवले नोकरीमा बहाल कै अवस्थामा चोरी जस्तो गम्भीर कसुर गरी रहे सशस्त्र प्रहरीको आचरण र अनुशासनविपरीत अनुचित व्यवहार

गरेको फलस्वरूप कानूनबमोजिम अख्तियारप्राप्त अधिकारीबाट भएको कारवाहीको सम्बन्धमा परेको निवेदनमा सो कारबाही हुनु नपर्ने कुनै कानूनी आधारसमेत पेस गर्न नसकेको अवस्थामा रिट क्षेत्रबाट प्रवेश गरी प्रमाण बुझी निर्णय गर्न मिलेन । तसर्थ निवेदकको मागबमोजिम आदेश जारी हुने अवस्था नदेखिई विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनु पर्नेसम्मको अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : इन्दिरा शर्मा

इति संवत् २०७२ साल भदौ २० रोज १ शुभम् ।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-WO-०१५२, उत्प्रेषण / परमादेश, *धनीलाल यादव वि. पुनरावेदन अदालत, राजविराज, सप्तरीसमेत*

कुनै मातहत अदालत, न्यायाधिकरण, सरकारी एवम् सार्वजनिक अधिकारी र निकायबाट अधिकारक्षेत्रात्मक त्रुटि गरी निर्णय गरेको र सो निर्णयबाट कुनै व्यक्तिको कानूनी हकमा असर पर्न गएको एवम् सो त्रुटि सच्याई कानूनी हकको प्रचलनको लागि अन्य वैकल्पिक उपाय नभएको अवस्थामा यो आदेश जारी हुन्छ । आफूलाई नभएको अधिकारक्षेत्र ग्रहण गरी आदेश गरेमा वा आफ्नो अधिकारक्षेत्रभन्दा बाहिर गई निर्णय गरेमा वा आफ्नो अधिकारक्षेत्र पन्छाई निर्णय गरेको अवस्थामा यो आदेश जारी हुने देखिन्छ । मातहत अदालत तथा निकायमा विचाराधीन रहेको विषयमा, तहतह अदालतबाट फैसला भएकामा, औचित्यभित्र प्रवेश गरी तथ्यको निरोपण गर्नु पर्ने विषयमा, बदर गराउन माग गरिएको विषय अपरिपक्व भएमा, अदालत वा न्यायिक अधिकारीको न्यायिक निर्णय बदर गर्न माग गरेकामा, निर्विवाद हक कायम नभएको विषयमा, सबुद प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्नुपर्ने विषयमा उत्प्रेषणको आदेश जारी हुन नसक्ने ।

प्रस्तुत निवेदनमा उठाइएको विषयलाई हेर्दा अंशसम्बन्धी विषयमा साधारण क्षेत्राधिकारअन्तर्गत अधिकारप्राप्त अदालतमा अंशदर्ता मुद्दा दायर भइसकेपछि दायर हुन आएको मुद्दामा आवश्यक सबुद प्रमाण झिकाई निर्णय गर्ने, अन्तरकालीन आदेश गरी कारबाही अगाडि बढाउने तथा विचाराधीन विषयमा प्रमाणको मूल्याङ्कन गरी तायदाती माग्ने नमाग्ने गरी आदेश गर्ने अधिकार सोही अदालतलाई हुन्छ । अन्तरकालीन आदेश मुद्दाको किनारा नलागेसम्म मुद्दाको कारबाहीको सिलसिलामा गरिने अन्तरिम प्रकृतिको आदेश हो । यो आदेशले विचाराधीन विषयमा सबुद प्रमाण सङ्कलन गर्ने, त्यसको परीक्षण गर्ने र प्रमाणको मूल्याङ्कनको रोहमा मुद्दाको अन्तिम निर्णय वा फैसला गर्ने कार्यलाई प्रभाव नपार्ने ।

तसर्थ मातहत अदालतमा विचाराधीन मुद्दामा प्रमाणको मूल्याङ्कन गरी तायदाती माग्ने कि नमाग्ने गरी भएको आदेशका सम्बन्धमा निर्णय हुँदाको अवस्थामा ठहरेबमोजिम हुने नै हुँदा विचाराधीन अंशदर्ता मुद्दाको निर्णयलाई नै प्रभावित गर्ने गरी असाधारण अधिकारक्षेत्र ग्रहण गरी उत्प्रेषणको आदेश जारी गर्न नमिल्ने हुँदा विपक्षीहरूबाट लिखित जवाफ मगाई रहनु पर्ने नभई प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : इन्दिरा शर्मा

इति संवत् २०७२ साल भदौ २० रोज १ शुभम् ।

४

**मा.न्या श्री जगदीश शर्मा पौडेल,** ०७२-WH-००१५, बन्दीप्रत्यक्षीकरण, *अधिवक्ता अन्जु उप्रेती वि. मलेसियास्थित नेपाली राजदूत डा. निरञ्जनमान सिंह बस्न्यात, मुकाम परराष्ट्र मन्त्रालय सिंहदरबार काठमाडौंसमेत*

नेपालको संविधानबमोजिमको उपचार निवेदकलाई नेपालमा रहेको अवस्थामा प्रदान गर्न सकिने हो । मलेसियाको भूमिमा रही निवेदकले गर्ने कार्यकलापतर्फ नेपालको संविधानद्वारा प्रदत्त हकलाई नेपालको संविधानअनुसार उपचार प्रदान गर्न सकिने अवस्था हुँदैन । निवेदकले मूलतः अनुमानको र शङ्काको भरमा निवेदन दिएको देखिन्छ । निवेदकले आफ्नो निवेदनमा राजदूतले आफूलाई गैरकानूनी थुनामा राखेको भन्न सकेको अवस्था छैन । शङ्का र अनुमानको भरमा बन्दी प्रत्यक्षीकरणको जस्तो रिट लाग्न सक्ने अवस्था रहँदैन । निवेदकको हकमा बन्दी बनाएको भन्ने नभई गणेशकुमार आचार्यको पासपोर्ट नेपाली राजदूतले लगिदिएको कारणले हिँड्डुल गर्न र नेपाल फर्किन असहज भएको भन्नेसम्मको व्यहोरा खुलाएको अवस्था छ । गणेशकुमार आचार्यलाई नेपाली राजदूतले मलेसियाली राजदूतावासमा बन्दी नै बनाएको वा गैरकानूनीरूपमा थुनामा नै राखेको भन्ने निवेदन व्यहोरासमेतबाट नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नु पर्ने अवस्था नदेखिँदा विपक्षीहरूबाट लिखित जवाफसमेत मगाई रहनु परेन । प्रस्तुत रिट निवेदन प्रथम दृष्टिमै लाग्न सक्ने अविथा नहुँदा खारेज हुने ।

इजलास अधिकृत: बिनोद रखाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल असोज ११ गते रोज २ शुभम् ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**